मजदुर विज्ञापन शाखा
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

तनाव व्यवस्थापनका तरिका
❖नियमितरूपमा ध्यान, योग र व्यायाम गरौं।
❖परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं।
❖पर्याप्त निन्द्रा र आराम गरौं।
❖स्वस्थ र सन्तुलित खाना खाने गरौं।
❖आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं।
❖काम र विश्रामबीचको सन्तूलन राख्ने गरौं।
तनाव व्यवस्थापन गरौं, स्वस्थ्य जीवन बाँचौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : ५० ★ ने. सं. ११४६ चिल्ला गा, दशमी ★ शनिबार ★ ३० फागुन, २०८२ ★ March 14, 2026, Saturday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## नयाँ सांसदहरूले संसदीय व्यवहार सिकेनन् भने हिजोझैं भ्रष्टाचार हुने

अन्तर्वार्ता



*(नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) सँग अन्नपूर्ण पोस्टका प्रतिनिधि श्रेया श्रेष्ठले प्रतिनिधिसभाको निर्वाचन परिणामलाई लिएर गरेको अन्तर्वार्ता जानकारीको लागि यहाँ प्रस्तुत छ - सं.)*

**यत्रो वर्षसम्म भक्तपुर-१ मा नेमकिपाले जित्दै आएको थियो, यसपालि किन रास्वपाले जितेको जस्तो लाग्छ हजुरलाई ?**

- सिद्धान्त र विचारले नेमकिपा एक राष्ट्रिय र अन्तर्राष्ट्रिय पार्टी हो । यसकारण, नेमकिपा भक्तपुर-१ मात्र नभई देशैभर चुनावमा होमिएको हो । यसपालि पनि हामीले पूर्वदेखि पश्चिम र उत्तरदेखि दक्षिण देशैभरि उम्मेदवारी दिएका थियौं । त्यस क्रममा भक्तपुरकै नयाँ र पुराना साथीहरू प्रचारको क्रममा अनुभव सिक्न जिल्ला-जिल्ला जानुभएको थियो । परिणामले हाम्रा सङ्गठनका नयाँ-पुराना साथीहरूले विभिन्न जिल्लामा अनुभव बटुल्नुभयो । यसको अप्रत्यक्ष फाइदा यसपालि रास्वपालाई भक्तपुर-१ मा भयो ।

**अहिलेको पुस्ताका मान्छेहरू हजुरहरूसँग अलि डिस्कनेक्ट भएको हो कि, तपाईंलाई के लाग्छ, ?**

- निर्वाचन आयोगको आचारसंहिताअनुसार हामीले कलिला नयाँ पुस्तालाई चुनावमा अगाडि लगाएनौं । तर, अन्य दलहरूले नयाँ पुस्तालाई प्रभाव पार्न र अभिभावकहरूलाई मानसिक दबाब दिन नयाँ प्रचार यन्त्र प्रयोग गरे, जो निर्वाचन आयोगले आकलन गर्न सकेन । अभिभावकहरूलाई "हामीले भनेको चिह्नमा मत नदिए घरमा पैसा पठाउँदैनौं, घर फर्केर आउँदैनौं वा देशमै बस्दैनौं" भनी घुर्की लगाई घरहरूमा रुवाबासी चलेको जानकारी आएको थियो । त्यस्ता गतिविधिहरू निश्चय पनि धम्की र मानसिक यातनाकै स्वरुप थियो जो निर्वाचन आयोगले पहिले नै अनुमान गर्न सकेन भन्ने चर्चा पनि छ ।

**अब नयाँ पार्टीले के गर्ला जस्तो लाग्छ, अनि उनीहरूप्रति विश्वास छ कि छैन ?**

- देश र जनताको सेवामा समर्पित नभएसम्म जस्तोसुकै साधन प्रयोग गरेर निर्वाचनमा सफलता प्राप्त गरे पनि संसदीय व्यवस्थाअनुसार काम गर्ने प्रतिबद्धता भएन भने गुनासो गर्ने धेरै ठाउँ रहने गर्छ । विघटित संसद्मा पुराना र नयाँ सांसदहरूले 'राहदानी बेच्ने', 'रक्सी खाएर बाटोमा लड्ने', 'मेच तोडफोड गर्ने', 'सीडीओलाई चड्कन लगाउने' जस्ता अनेक अनैतिक कार्य र भ्रष्टाचारका काण्डहरू मच्चाए । पहिले जनताले भनेकै थिए, "सिंहदरबारमा बाँदर पस्यो", "सांसदहरूलाई कुस्ती र बक्सिङ खेल्न संसद्भित्रै बक्सिङ क्लव खोल्नुपर्यो" इत्यादि । देश यही हो, समाज यही हो, नयाँ सांसदहरूले संसदीय व्यवहार सिकेनन् भने हिजो जस्तै हातपात, मारपिट र भ्रष्टाचार हुनेछ ।

**यो चुनावमा तपाईंहरू एकदमै कन्फिडेन्ट हुनुभएको भन्ने पनि दाबी छ, यसबारे केही भन्न चाहनुहुन्छ ?**

- यो सत्य होइन । बरु, यसपालि हाम्रा कार्यकर्ताहरूले इमानदारीपूर्वक विभिन्न जिल्लामा सहयोग गर्न र अध्ययन गर्न दुःख गर्नुभएकोमा हामी सन्तोष अनुभव गर्दै छौं । भनिन्छ, युद्धमा हारेको सिपाहीं अझ लडाइँ लड्न जान्ने हुन्छ । हाम्रो नयाँ पुस्ताले पनि नेपाललाई आध्यात्मिक रूपले मात्र होइन भौतिक रूपले बुझ्ने अवसर पायो ।

**सामाजिक सञ्जाल (सोसियल मिडिया) को कारणले पनि रास्वपाले जितेको भनिएको छ नि, यसबारे के लाग्छ तपाईंलाई ?**

- सरकार र निर्वाचन आयोगले कम समयमात्रै प्रचार गर्ने अवसर दिए । राजनैतिक छलफल र राजनैतिक चेतनालाई अझ चम्किलो पार्ने अवसरको लागि कम समय हुँदा प्रजातान्त्रिक गतिविधिमा बाधा परेको प्रस्ट छ । अन्य दलहरूले सबै प्रकारका निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दा पनि समयमै त्यसलाई रोक्न आयोग असफल रह्यो ।

तर, नेमकिपा बडो संयमित र नागरिक परिपाटीलाई कायम गर्दै रह्यो । यसको निम्ति हाम्रो पार्टीले हाम्रा कार्यकर्ताहरूलाई स्याबासी दिएको छ ।

**यसपालिको हारले केही सिक्नुभएको अथवा अनुभव भएको छ पार्टीलाई ?**

- निश्चय पनि नेमकिपाका कार्यकर्ताहरूले सरकार र निर्वाचन आयोगको कमी कमजोरीलाई बुझ्ने र वर्तमान सरकार अझै संरा अमेरिका र भारतको प्रभावमा परेको र भारतीय प्रचार यन्त्रले नेपालको प्रजातान्त्रिक गतिविधिमा हस्तक्षेप गरेको प्रत्यक्ष रूपले अनुभव गरे । मतगणना केन्द्रमा विदेशी

*बाँकी पृष्ठ २ मा*

## आमूल परिवर्तनको लागि महिलालाई शिक्षा दिनु अपरिहार्य




भक्तपुर, २९ फागुन । ११६ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ प्रभात एकाइ समितिको आयोजनामा शुक्रबार अन्तरक्रिया कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले आमूल परिवर्तनको लागि महिलालाई शिक्षा दिनु अपरिहार्य भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "छोराछोरीको विवाह उमेर २० वर्षबाट घटाउनुपर्ने विषयमा महिलाहरूको स्पष्ट मत आउनु आवश्यक छ । नेमकिपाले नयाँ पुस्तालाई कम्तीमा स्नातक तह उत्तीर्ण गराउने विषयलाई जोड दिँदै आएको हो ।"

सुर्खेतमा १६ वर्षीय इनिसा विकलाई बलात्कारपछि हत्या गरिएको सार्वजनिक भयो । सप्तरीमा नाबालिकामाथि यौन दुर्व्यवहार भएको पनि सार्वजनिक भयो । कञ्चनपुरका किशोरी निर्मला पन्तको बलात्कारपछि हत्या भएको वर्षौं भयो तर दोषीमाथि कारबाही भएको सार्वजनिक भएन, उहाँले भन्नुभयो ।

अमेरिकी ट्रम्प प्रशासनले जातिवादी इजरायली सरकारलाई प्यालेस्टिनको गाजामा नरसंहार गराएको, ट्रम्प र नेतन्याहु सरकारले इरानलाई आक्रमण गरेको चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, "यो युद्धको कारण नेपालमा इन्धन र खाद्यान्नको अभाव बढ्यो, आधा सिलिन्डर खाना पकाउने ग्यास लिन लाइन लाग्नुपर्ने भयो । नेमकिपाले यसकारण युद्ध र हतियार निर्यातको विरोध गर्दै आएको हो । नेपाल बाँकी संसारमा देखिने अप्ठेरोबाट अलग हुन सक्दैन ।"

युद्ध अन्त्यको लागि इरानले राखेको तीन ओटा सर्त - 'मानवीय हितको लागि आणविक ऊर्जा विकास गर्न पाउने वैध अधिकार स्वीकार गरिनुपर्ने, इरानमा भएको क्षतिको क्षतिपूर्ति इजरायल र ट्रम्प प्रशासनबाट हुनुपर्ने, इरानमा पुनः आक्रमण नहुने अन्तर्राष्ट्रिय प्रत्याभूति हुनुपर्ने' जायज र न्यायोचित भएको सचिव सुवालले उल्लेख गर्नुभयो ।

नेतन्याहु र ट्रम्प प्रशासनको आक्रमणले इरानमा कम्तीमा १,३४८ सर्वसाधारणको मृत्यु र १७ हजारभन्दा बढी घाइते भएको सार्वजनिक भएको, संरा अमेरिका र इजरायलले सुरक्षा परिषद्मा १४० देशलाई इरानविरुद्ध मत दिन लगाएको तर रुस र चीन तटस्थ बसेको सार्वजनिक भएको उहाँले बताउनुभयो ।

इरानको प्रत्याक्रमणले पश्चिम एसियाको १७ अमेरिकी सैन्य अखडामा क्षति भएको सार्वजनिक भएको चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, "रुस-अमेरिकाको वार्ता 'फलदायी' भएको र अब अमेरिका-चीन वार्ता हुने तयारीले युद्धको बादल हट्दै जाने अपेक्षा गर्न सकिन्छ ।"

उहाँले भन्नुभयो, "प्रजग कोरिया (उत्तर कोरिया) समाजको स्वामित्वमा अर्थतन्त्र भएको, युद्धविरोधी हतियार निर्यात नगर्ने, आत्मनिर्भर देश हो । यहाँका नेता किम जङ उन आमूल परिवर्तनका उत्तराधिकारी हुनुहुन्छ । यो यथार्थ बुझपचाउनेहरू प्रजग कोरियाका नेतालाई तानाशाहीको आरोप लगाउँछन् ।"

संसारका राम्रा राम्रा अगुवाहरूको जीवनी अध्ययन गरेर हामीले नयाँ

*बाँकी पृष्ठ ८ मा*

## देशभक्त, अनुशासित र असल नागरिक देशको लागि आवश्यक




भक्तपुर, २९ फागुन । लिशा इङ्गलिस सेकेन्डरी स्कूलको ३७ औं वार्षिकोत्सव एवं पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम शुक्रबार एक विशेष समारोहबिच सम्पन्न भयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बाँसुरीको धुनमा कार्यक्रमको उद्घाटन गर्दै बालबालिका नै आफ्नो सम्पत्ति भएको हुँदा उनीहरूलाई उच्च शिक्षा र राम्रो संस्कार दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

शिक्षामा विकास भएको देश अघि बढ्ने विचार व्यक्त गर्दै नगर प्रमुख प्रजापतिले भक्तपुरलाई शैक्षिक गन्तव्य स्थल बनाउने प्रयासमा शिक्षक, अभिभावक, समाजका अगुवाहरूको महत्त्वपूर्ण देन हुने बताउनुभयो ।

कसैको डर धम्कीको अगाडि नझुक्ने देशभक्त, अनुशासित, असल नागरिकले देश हाँक्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले विद्यालयमा पाठ्यपुस्तकबाहेक नयाँ नयाँ विषय पनि पढाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले बालबालिका परिवारको खुसी मात्र नभई देशको भविष्य पनि भएको उल्लेख गर्दै बालबालिकालाई असल संस्कार र राम्रो शिक्षा दिनुपर्छ भन्नुभयो ।

उहाँले भक्तपुरको शैक्षिक विकासले भक्तपुरका जनतालाई शिक्षित र सचेत बनाउन मद्दत पुऱ्याएको बताउनुभयो ।

इसानका केन्द्रीय अध्यक्ष प्रेमजन थापाले यो एक्काइसौं शताब्दीमा सूचना सञ्चार र प्रविधिलाई सही ढङ्गले उपयोग गर्नुपर्नेमा जोड दिँदै गलत सूचना प्रवाहले आफ्ना सन्तानहरू बिग्रिनेतर्फ अभिभावकहरू सचेत हुनुपर्छ भन्नुभयो ।

भ्रष्टाचारी, अपराधीहरूलाई कारबाही गर्नुपर्नेमा जोड दिँदै उहाँले नयाँ पुस्तालाई सही बाटोमा ल्याउने काममा शिक्षक, अभिभावक र समाजसेवीहरूको महत्त्वपूर्ण देन हुन्छ भन्नुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले विद्यालय बनाउन धेरै मेहनत गर्नुपर्ने खाँचो औंल्याउँदै समाजलाई अघि बढाउन नयाँ पुस्तालाई मार्ग निर्देश गर्नुपर्नेमा जोड दिनुभयो ।

देशको निम्ति आवश्यक दक्ष जनशक्ति तयार गर्न, नयाँ पुस्तालाई इमानदार बनाउन असल संस्कार सिकाउनुपर्ने विचार व्यक्त गर्दै उहाँले पुरानो पुस्ताको अनुभव र ज्ञान तथा नयाँ पुस्ताले सिकेको प्रविधि सँगै अघि बढाए देशको मुहार फेर्ने बताउनुभयो ।

उहाँले विद्यालय नयाँ पुस्तालाई मार्गनिर्देश गर्ने विद्यार्थीहरूको दोस्रो घर हो भन्दै विद्यालयले असल संस्कारसँगै

*बाँकी पृष्ठ ८ मा*

### व्यङ्ग्यचित्र कुनो



# शान्ति निकेतन माविको ५६ औं वार्षिकोत्सव कार्यक्रम




भक्तपुर, २९ फागुन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शान्ति निकेतन माविको ५६ औं वार्षिकोत्सव कार्यक्रमको शुक्रबार उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उहाँले शिक्षामा गरेको लगानी कहिल्यै पनि खेर नजाने बताउँदै शान्ति निकेतन स्कूल भक्तपुरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने सामुदायिक विद्यालयमध्ये एक हो भन्नुभयो ।

विद्यार्थीले आफू सफल हुन निरन्तर प्रयास गर्नुपर्ने उल्लेख गर्दै उहाँले असफलताबाट पाठ सिक्दै अगाडि बढ्नुपर्छ भन्नुभयो ।

विद्यार्थीले समय व्यवस्थापनमा विशेष जोड दिँदै पुस्तकालयमा गएर नयाँ-नयाँ विषय अध्ययनमा पनि जोड दिनुपर्ने बताउँदै उहाँले शिक्षा कसैले पनि चोरी गर्न नसक्ने अमूल्य धन भएको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक विजयराम प्रजापतिले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो भने वार्षिकोत्सवको अवसरमा विद्यार्थी, शिक्षकलाई सम्मान र पुरस्कार वितरण गरिएको थियो ।

# बाल विकासको ३८ औँ वार्षिकोत्सव सम्पन्न




भक्तपुर, २९ फागुन । बाल विकास सेकेन्डरी स्कूल भक्तपुरको ३८ औँ स्थापना दिवसको अवसरमा कक्षा ५ देखि १० सम्मको अर्थात् तेस्रो चरणको वार्षिकोत्सव विभिन्न कार्यक्रम गरी शुक्रबार सम्पन्न भयो ।

वार्षिकोत्सवको अवसरमा विद्यालयका प्रिन्सिपल सुरेन्द्रराज गोसाईले नयाँ पुस्तामा सही र गलत छुट्याउन सक्ने गुण तथा हल्लाको पछि दौड्न नहुने बताउनुभयो ।

उहाँले सार्वजनिक सम्पत्ति नास गर्नेहरू जतिसुकै ठूलो पदमा पुगे पनि देशलाई कुनै फाइदा नपुग्ने धारणा राख्दै विद्यार्थीहरूमा देशको सार्वजनिक सम्पत्तिप्रति माया हुनुपर्ने बताउनुभयो ।

व्यावहारिक ज्ञानबिनाको किताबी ज्ञानले मानिसलाई कुनै पनि क्षेत्रमा सफल बन्न नदिने भएकोले विद्यालय र अभिभावकले नयाँ पुस्तालाई व्यावहारिक ज्ञान सिकाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

आफूमात्र ज्ञानी बन्न खोज्ने वा एक्लै अघि बढ्न खोज्ने प्रवृत्तिले मानिसलाई पतन बनाउने भएकोले विद्यार्थीहरूमा सामूहिक भावना हुनुपर्ने बताउँदै उहाँले विद्यार्थीहरूलाई स्वार्थी नबन र अग्रज तथा गुरुहरूप्रति कृतज्ञ बन्न सल्लाह दिनुभयो ।

खराब सङ्गतले भविष्य बर्बाद हुने भएकोले विद्यार्थीले आफ्नो सङ्गत सुधार्नुपर्नेमा उहाँले जोड दिनुभयो । प्रिन्सिपल गोसाईले अनुशासन नै सफलताको कडी भएको बताउँदै जीवनका जुन क्षेत्रमा लागे पनि असल, इमानदार र अनुशासित बन्न विद्यार्थीहरूलाई आग्रह गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहनप्रसाद प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा शिक्षिका सीतालक्ष्मी प्रजापतिले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने शिक्षकहरू सूर्यबहादुर पञ्च, शङ्कर आचार्य, सृष्टि प्रधान तथा चिनियाँ भाषा शिक्षिका सोफियाले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा विद्यार्थी तथा शिक्षक/शिक्षिकाहरूले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

# परम्परागत औद्योगिक सम्पदासम्बन्धी अन्तरक्रिया

भक्तपुर, २९ फागुन । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घ, भक्तपुर पर्यटन विकास समिति र 'गो लोकल' को संयुक्त आयोजनामा 'परम्परागत औद्योगिक सम्पदा' सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम बिहीबार भयो ।

कार्यक्रममा उद्योग तथा वाणिज्य कार्यालयका कार्यालय प्रमुख रामप्रसाद कुस्माले परम्परागत उद्योगलाई सम्पदाको रूपमा विकास गर्न स्पष्ट नीति आवश्यक रहेको उल्लेख गर्दै स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई यससम्बन्धी रचनात्मक सुझावको अपेक्षा गर्दै आवश्यक ऐन नियम बनाउन दबाब आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले 'गो लोकल' अभियानअन्तर्गत भक्तपुरको मौलिक उत्पादन र सीपलाई सम्पदाका रूपमा संरक्षण गर्दै पर्यटनसँग जोड्ने उद्देश्य रहेको बताउनुभयो ।



कार्यक्रममा सहजकर्ता एवम् 'गो लोकल' कार्यक्रमका सहसंयोजक रामसुन्दर भेलेले विभिन्न क्षेत्रका सम्पदाहरूको जानकारी गराउनुका साथै भक्तपुरको मौलिक पहिचान र यसको संरक्षणका चुनौतीहरूबारे धारणा राख्दै परम्परागत औद्योगिक सम्पदाको अवधारणाबारे जानकारी दिनुभयो ।

उद्यमी एवम् 'गो लोकल'का संयोजक वीरेन्द्र जतिले भक्तपुरको प्रसिद्ध ताइचिन चिउराको सांस्कृतिक र ऐतिहासिक पक्षबारे जानकारी गराउँदै यसलाई सांस्कृतिक सम्पदाको रूपमा जोगाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा प्रेम खर्बुजा, जुजु धौ व्यवसायी रमिला दुवाल, स्टोरी साइकलका सौरभ ढकाल, नेपाल पर्यटन बोर्डका सुधन सुवेदी, पत्रकार कृष्ण किसी, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका पूर्वअध्यक्ष रामसुन्दर खाताखो, भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका उपाध्यक्ष हरिगोपाल त्वायना, सचिव श्रीजना कक्षपति, सदस्य सुस्मा श्रेष्ठ, सदस्य आकाश बादे तथा भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेश शर्माले गो लोकल परम्परागत औद्योगिक सम्पदा एउटा उदाहरणीय कार्य हुने अपेक्षा गर्नुभयो ।

# सामूहिक साकोसको विस्तारित मञ्च कार्यक्रम सम्पन्न

भक्तपुर, २९ फागुन । सामूहिक बचत तथा ऋण सहकारी संस्था लि. का सदस्यसँग संस्थाको बढ्दो तरलता तथा ऋण लगानी वृद्धिका विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रमबाट सुझाव सङ्कलनका लागि विस्तारित मञ्च कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रम संस्थाका उपाध्यक्ष कृष्णहरि सैंजुको संयोजकत्वमा भएको थियो ।

संस्थाका अध्यक्ष राजाभाइ भेलेले कार्यक्रमको औचित्यताबारे प्रस्ट पार्दै सदस्यको आवश्यकतालाई मध्यनजर गर्दै कार्यक्रम आयोजना गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा सचिव सञ्जय जोन्छेले स्वागत गर्नुभयो ।

उक्त कार्यक्रममा संस्थाको हालको अवस्था, वित्तीय विवरण तथा ऋण लगानी वृद्धि गर्न अबको योजना तथा ऋण असुलीको प्रक्रियाको विषयमा प्रस्तुतीकरण संस्थाका व्यवस्थापक रवीन्द्र घिमिरेले जानकारी दिनुभयो ।

संस्थाका उपाध्यक्ष कृष्णहरि सैंजुले ऋण सुरक्षण कोष पर्याप्त नभएसम्म कुनै पनि लाभांश बाँड्न नमिल्ने कुरामा सदस्यहरू पनि जानकार हुनुपर्ने बताउनुभयो ।

# पुँजीवाद रहेसम्म शोषण कायम रहनेछ

भक्तपुर, २९ फागुन । ११६ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा बुधबार वीरेन्द्रनगरमा भेटघाट कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले कामदारवर्गका महिलाहरू आज पनि पुँजीपतिवर्गबाट शोषणमा परेको उल्लेख गर्दै पुँजीवाद रहेसम्म शोषण कायम रहने बताउनुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी सुर्खेतका उपाध्यक्ष अकल राना, नेमकिपा वीरेन्द्रनगर नगर समितिका संयोजक शेरबहादुर शाही, अङ्गबहादुर शाही, कल्पना शाही, जानकी सुनार, काछ्रीका वि.क., गणेश खड्का, प्रतिमा शाही र महेन्द्र सिजापतिलगायतले बोल्नुभएको थियो ।

कार्यक्रम नेपाल क्रान्तिकारी महिला सङ्घ सुर्खेतका अध्यक्ष तुल्सी खड्काको अध्यक्षतामा भएको थियो ।

# अर्याल र बराईलाई 'नइ कपिल प्रज्ञा पुरस्कार'

भक्तपुर, २९ फागुन । नइ एकेडेमीले 'नेपाल भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' को उचाइ अभिवृद्धिका साथै नेपाली भाषासाहित्यको अनुसन्धानमा समर्पित भएबापत युवा प्राज्ञद्वय डा. अम्बिका अर्याल र डा.त्रिभुवन बराईलाई 'नइ कपिल प्रज्ञा पुरस्कार' समर्पण गर्ने निर्णय गरेको छ ।

यी पुरस्कारका राशि जनही पच्चीस पच्चीस हजार रूपैयाँ रहेका छन् ।

सुप्रसिद्ध मनोचिकित्सक डा.कपिलदेव उपाध्यायको सम्मानमा 'नइ कपिल प्रज्ञा पुरस्कार' को स्थापना गरिएको हो ।

नइ एकेडेमीका कुलपति श्रीमती इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

चैत २७,२८ र २९ गते सम्पन्न हुने 'नेपाल-भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' का अवसरमा 'नइ कपिल प्रज्ञा पुरस्कार' समर्पण गरिने भएको छ ।

# सूर्यविनायकद्वारा प्रहरी वृत्त जगातीलाई गाडी हस्तान्तरण

भक्तपुर, २९ फागुन । सूर्यविनायक नगरपालिकाले प्रहरी वृत्त जगातीलाई गाडी हस्तान्तरण गरेको छ । नगरपालिकामा बिहीबार आयोजित कार्यक्रममा नगर प्रमुख वासुदेव थापाले जिल्ला प्रहरी परिसर भक्तपुरका प्रमुख एवम् प्रहरी उपरीक्षक सूर्यबहादुर खड्कालाई गाडीको साँचो, ब्लु बुक तथा कागजपत्र हस्तान्तरण गर्नुभएको हो ।

सो अवसरमा नगर प्रमुख थापाले जेनजी आन्दोलनको क्रममा प्रहरी वृत्त जगातीको भवन पूर्णरूपमा क्षति भएको अवस्थामा भवन पुनःनिर्माणका लागि नगरपालिकाले रु. १५ लाख सहयोग गरेको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "प्रहरीको भवनसँगै सबै गाडी जलेर ध्वस्त भएकोले गस्ती गर्न सहज होस भनेर रु. ४३ लाखमा गाडी किनेर सहयोग गरेका हौं ।"

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत युवराज आचार्य, सूर्यविनायक नगरपालिकाका वडाध्यक्षहरू सानुकाजी कायस्थ, प्रदीप कार्की, लक्ष्मीराम न्यौपाने, रवीन्द्र सापकोटा, पुष्पराज बस्नेत र शिवराम राउत, कार्यपालिका सदस्य तारा सापकोटा, शर्मिला थापालगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

***नयाँ...***

पत्रकार र फोटोग्राफरहरूलाई प्रवेश दिनु, केही जिल्लामा अमेरिकी सेना देखिनुले देशको परराष्ट्र नीति कतातिर जाँदै छ भनेर बुझ्न सकिन्छ ।

**अहिलेको पार्टी (रास्वपा) ले राखेको एजेन्डा के ५ वर्षमा पूरा होला ?**

- सरकारमा रहेर उहाँहरूले गर्ने प्रदर्शनले देखाउने विषय हो यो ।

**हजुरहरूले पहिलेदेखि जति पनि काम गर्नुभएको थियो, अहिले मानिसहरूले त्यसलाई अनदेखा गरेको जस्तो लागेको छ ?**

- हाम्रो देशले केही वर्षदेखि प्रजातन्त्रको अभ्यास गर्दै छ, जब कि पश्चिमी देशहरूले ४-५ सय वर्षदेखि यो अभ्यास गर्दै आएका हुन् । हाम्रो देश करिब २०० वर्ष बेलायतको अर्ध-उपनिवेश रह्यो र झन्डै ७० वर्षदेखि भारतीय एकाधिकार पुँजीको छायामा छटपटिँदै रह्यो । यस्तो परिवेशमा आफ्नो खुट्टामा उभिने र आत्म-निर्भरतामा ध्यान दिनेबारे दलहरू अभ्यस्त भइसकेका छैनन् । हरेक विषय सिक्दै जाने हो । नेपाली जनताले यी सबै छिट्टै सिक्ने हाम्रो विश्वास छ ।

## सङ्क्षिप्त समाचार

# हत्या अभियोगमा नाबालक पक्राउ

धरान, २९ फागुन । धरान उपमहानगरपालिका-५ देउरालीका ७२ वर्षीय सुरेन श्रेष्ठको हत्या अभियोगमा सोही उपमहानगरपालिका-१५ का वर्षीय भरत विक पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार आपसी वादविवादको क्रममा भरतले कुटपिट गर्दा गम्भीर घाइते भएका सुरेनको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको खबर प्राप्त हुनासाथ उनलाई बिहीबार पक्राउ गरिएको हो ।

यसैबिच, चोरी मुद्दाका फरार प्रतिवादी पुतलीबजार नगरपालिका-१४ सतौका ३८ वर्षीय पूर्णबहादुर लामिछानेलाई पक्राउ गरिएको छ । उनलाई फैसला कार्यान्वयनका लागि बिहीबार जिल्ला अदालतमा पेस गरिएको उक्त समाचारकक्षले जनाएको छ । ***रासस***

# स्थानीयको अवरोधले काठमाडौँ उपत्यकाको फोहर विसर्जन रोकियो

त्रिशूली (नुवाकोट), २९ फागुन । स्थानीयको अवरोधका कारण बन्चरेडाँडामा काठमाडौँ उपत्यकाको फोहर विसर्जन रोकिएको छ ।

बन्चरेडाँडा क्षेत्रका बासिन्दाले काठमाडौँ महानगरपालिका र सहरी विकास मन्त्रालयसँग विगतमा भएका सहमति कार्यान्वयन नभएको विरोधमा फोहर फाल्न नदिएका हुन् । विगतका सहमति कार्यान्वयन नभएसम्म फोहर फाल्न नदिने अडानका साथ काठमाडौँबाट फोहर बोकेर आएका गाडीलाई फिर्ता पठाइएको स्थानीय निरञ्जन सञ्जेलले राससलाई जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "पटक-पटक भएका उधारो सहमतिले हामी पीडित भएका छौँ । हाम्रा माग पूरा नहुन्जेल अवरोध जारी रहन्छ ।"

यसअघि गत कार्तिक १६ गते तत्कालीन सहरी विकासमन्त्री कुलमान घिसिङले विगतका सहमति कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएसँगै फोहर विसर्जनको अवरोध हटेको थियो ।

नुवाकोटको ककनी गाउँपालिका १, २ र ३ तथा धादिङको धुनबेँसी नगरपालिका १, ३ र ४ वडाका प्रभावित स्थानीयले दुई जिल्लाको सीमा ढाँडेस्थित सडकमा बसेर फोहर बोकेका गाडीलाई गन्तव्यमा जान दिएका छैनन् । ककनी र बेलकोटगढी तथा धुनीबेँसीका स्थानीय जनप्रतिनिधि र दलका नेताले पनि उनीहरूलाई साथ दिएका छन् । ***रासस***

# लागूऔषधसहित एक्काइस जना पक्राउ

काठमाडौँ, २९ फागुन । देशका विभिन्न भागमा प्रहरीले गरेको नियमित गस्तीका क्रममा लागुऔषधसहित २१ जना पक्राउ परेका छन् ।

केन्द्रीय प्रहरीकक्षका अनुसार काठमाडौँ, बर्दिया, कैलाली, सुनसरी, नवलपरासीपूर्व, दाङ, रूपन्देही र मकवानपुरबाट उनीहरूलाई पक्राउ गरिएको हो । अभियुक्तहरूबाट गाँजा, खैरो हिरोइन र चिकित्सकको सिफारिसमा मात्र खरिद गर्न पाइने औषधि प्रहरीले बरामद गरेको छ । ***रासस***

# पश्चिम एसिया सङ्कट उद्धार उडान शुक्रबार पनि

काठमाडौँ, २९ फागुन । सरकारको समन्वयमा नेपाल वायुसेवा निगमले पश्चिम एसियाका विभिन्न देशमा अलपत्र परेका नेपालीलाई क्रमश: उद्धार उडानमार्फत स्वदेश ल्याउँदै छ ।

निगमका प्रवक्ता देवेन्द्र पुनका अनुसार बिहीबार विशेष उद्धार उडानमार्फत दुबई विमानस्थलमा अलपत्र परेका २७२ जना नेपालीलाई स्वदेश ल्याइएको हो ।

विशेष उद्धार उडानको सो विमानमार्फत काठमाडौँ विमानस्थलमा अलपत्र परेका २६० जना यात्रीलाई दुबई विमानस्थलसम्म पुऱ्याइएको थियो ।

शुक्रबार पनि यहाँबाट २६७ जना यात्री लिएर निगमको विमान दुबई प्रस्थान गर्ने र त्यहाँबाट १६४ जना नेपालीलाई स्वदेश ल्याइने प्रवक्ता पुनले राससलाई जानकारी दिनुभयो ।

यही फागुन १६ गतेदेखि पश्चिम एसियाको आकाशमा उडान निषेध भएपछि उद्धार उडान थालिएको हो । अमेरिका र इजरायलले संयुक्त रूपमा इरानमा हवाई आक्रमण गरेपछि पश्चिम एसियाली मुलुकमा उडान बन्द भएको हो । ***रासस***

# ट्रक र कन्टेनर एकापसमा ठोक्किँदा चालकको मृत्यु

मकवानपुर, २९ फागुन । हेटौँडा नारायणगढ सडकअन्तर्गत हेटौँडा उपमहानगरपालिका-१९, नेवारपानीमा ट्रक र कन्टेनर एकापसमा ठोक्किँदा कन्टेनरका चालकको मृत्यु भएको छ ।

चितवनबाट हेटौँडातर्फ आउँदै गरेको ना४ख ९९२३ नं को कन्टेनर र हेटौँडाबाट चितवन जाँदै गरेको बाप्र ०३-००१ ख ०३९८ नं को ट्रक आज एकापसमा ठोक्किएका थिए । घाइते भएका कन्टेनरका चालक चालक सर्लाहीको बरहथवा नगरपालिका-१५ पिपराभिट्टाका ३८ वर्षीय गोविन्द चौधरीलाई स्थानीयले उद्धार गरी हेटौँडाको सिएमसि चुरेहिल अस्पताल पुऱ्याएका थिए । चिकित्सकले उनलाई तत्कालै मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीले ट्रक चालक चितवनको खैरहनी नगरपालिका-९ का ४२ वर्षीय धनेश्वर चौधरीलाई नियन्त्रणमा लिएको छ । ***रासस***



**निर्माणाधीन दार्चुला-टिङ्कर सडकको कल्जु भिरखण्ड**

निर्माणाधीन दार्चुला-टिङ्कर सडकअन्तर्गत कल्जु भिरमा पहाड काटेर बनाइँदै गरिएको सडक खण्ड । यो सडकले व्यास गाउँपालिका-१ को दुर्गम बस्ती छाङरू र चीनको तिब्बतसँग सीमा जोडिएको टिङ्कर गाउँलाई सडक सञ्जालसँग जोड्नेछ । *तस्बिर : नरेन्द्रसिंह कार्की/रासस*

# कोरलानाका जोड्ने (कोवाङ-जोमसोम) सडक फेरि अलपत्र

मुस्ताङ, २९ फागुन । यहाँस्थित उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडकअन्तर्गत मुस्ताङको थासाङ गाउँपालिका-२ कोवाङदेखि घरपफोङ-४ जोमसोम जोड्ने १७ किलोमिटर कालोपत्र सडक स्तरोन्नति कार्य पुन: अलपत्र परेको छ ।

कालीगण्डकी करिडोर (बेनी-जोमसोम-कोरला) सडक आयोजनाअन्तर्गत सुरु गरिएको (बेनी-जोमसोम) ७४ किलोमिटर सडकको चौथो खण्ड निर्माण कम्पनीको पटकपटकको ढिलासुस्ती र बेवास्ताका कारण सडक स्तरोन्नतिको काम अलपत्र पर्दै आइरहेको हो ।

बेनी–जोमसोम सडकअन्तर्गत दोस्रो र तेस्रो खण्ड निर्माण सम्पन्न भइसकेर आयोजनालाई हस्तान्तरण भइसकेको छ । तर, यहाँको कोरलानाका जोड्ने कोवाङ-जोमसोम सडकको ८५ प्रतिशत भौतिक प्रगति भइसक्दा निर्माण कम्पनीले सडक स्तरोन्नति काम अलपत्र पारेको आयोजनाले जनाएको छ ।

त्रिदेशीय व्यापारिक मार्गका रूपमा विस्तार गर्ने उद्देश्यले तत्कालीन सरकारले नेपाल-चीन कोरलानाका जोड्ने बेनी-जोमसोम-कोरला सडक आव २०७३/७४ देखि सुरु गरेको थियो । सोहीअनुसार कोवाङ-जोमसोम १७ किमी चौथो खण्ड रु. ७० करोड लागतमा आयोजनासँग ठेक्का सम्झौता भई काम अघि बढाइएको थियो ।

यहाँस्थित निर्माणाधीन कोवाङ-जोमसोम अस्फाल्ट कालोपत्र सडक स्तरोन्नतिका लागि पप्पु गौरी पार्वती, कोसी एन्ड न्यौपाने जेभीले ठेक्का सम्झौता गरेको थियो । नालीसहित ११ मिटर चौडा सडकमा कालोपत्र गर्ने भनिए पनि ठेक्का सम्झौता भएको आठ वर्ष बितिसक्दासमेत निर्माण कम्पनीले स्तरोन्नति काम सम्पन्न गर्न सकेको छैन ।

ठेक्का सम्झौता हुँदाको सुरुआती अवस्थामा जोइन पार्टनर कोसी एन्ड न्यौपानेले कोवाङ-जोमसोम सडक



निर्माणको जिम्मा लिएको भए पनि उसले कामलाई गति दिन नसकेपछि जेभीको जोइन मुख्य पार्टनर पप्पु गौरी पार्वती सडक निर्माण सम्पन्न गर्न काममा फर्किएको थियो ।

कोवाङ-जोमसोम सडक स्तरोन्नतिका लागि ठेक्का सम्झौता भएदेखि हालसम्म खन्ती-टुकुचेस्थित थापाखोलासम्म, टुकुचे सिरान टोलीदेखि मार्फासम्म सडक स्तरोन्नति तथा कालोपत्र कार्य सकिएको आयोजनाले जनाएको छ । त्यसैगरी, मुस्ताङको स्याङगाउँ पुछारदेखि पुथाङ एयरपोर्टसम्म कालोपत्र तथा पिसीसी ढलानसहितको काम सकिएको छ ।

जोमसोम प्रादेशिक अस्पतालदेखि जोमसोम पक्की पुलसम्मको करिब १५ किलोमिटर सडक कालोपत्र विस्तारकार्य सम्पन्न भइसकेको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार थासाङको टुकुचे गाउँभित्रको सडक, मार्फा पुलदेखि स्याङ पुछारसम्म र जोमसोम बजारको नेपाली सेनाको ब्यारेक अगाडिको सडक गरी करिब दुई किलोमिटर सडक निर्माणाधीन अवस्थामा रहेको भए पनि काम अघि बढ्न सकेको छैन ।

निर्माणाधीन सडकअन्तर्गत जोमसोमस्थित नेपाली सेनाको ब्यारेक अगाडि कालोपत्रका लागि फिलिङ गर्न माटो थुपारिएकाले सवारी आवागमनमा समस्या परेको छ । त्यसैगरी कालोपत्र ढिलाइ हुँदा त्यहाँस्थित सेनालाई धुवाँधुलोले पनि असर पुऱ्याएको देखिन्छ ।

यसअघि कोरलानाका जोड्ने (कोवाङ-जोमसोम) सडक निर्माण वैशाखभित्र सम्पन्न गर्न स्थानीय प्रशासनले निर्माण कम्पनीलाई निर्देशन दिएको थियो । तर, प्रशासनको उक्त निर्देशनलाई बेवास्ता गर्दै निर्माण कम्पनीले सडक निर्माणको काम अलपत्र पारेको हो ।

कोवाङ-जोमसोम सडकको निर्माण कम्पनीले गत कार्तिकदेखि कुल ठेक्का सम्झौताको (०.०५) प्रतिशत हुनेगरी दैनिक हर्जाना लाग्ने गरी जरिवाना रकम तोकिएको आयोजना प्रमुख शर्माले जानकारी दिनुभयो । यहाँको (कोवाङ-जोमसोम) खण्डको सातौँपटक म्याद थप भइसकेको र जरिवाना रकमको अवधि २०० दिने रहने उहाँले बताउनुभयो । "चैत महिनासम्म अन्तिम 'डेटलाइन' छ, त्यो अवधिसम्म जरिवाना रकम बुझाएर सडकको अधुरो काम सुरु गर्नुपर्ने हुन्छ, आयोजना प्रमुख शर्माले भन्नुभयो, "यदि त्यसो हुन नसकेमा निर्माण कम्पनीसँगको ठेक्का सम्झौता भङ्ग हुन्छ र नयाँ ठेक्का प्रक्रियामा जानेछ ।"

निर्माण कम्पनीको चरम ढिलासुस्तीले अलपत्र परेको (कोवाङ-जोमसोम) सडकलाई छिटोभन्दा छिटो सम्पन्न गर्न आयोजनाले ठेक्का सहमति तोडेर नयाँ ठेक्का खुलाउन विभागसँग सहमति माग भए पनि सहमति प्राप्त नभएको आयोजना प्रमुख शर्माको भनाइ छ । दैनिक हर्जाना तोकिएको कोवाङ-जोमसोम अलपत्र सडकको सरकारले सार्वजनिक खरिद ऐन संशोधन नल्याएमा निर्माण कम्पनीले ठेक्का सम्झौता लागत १० प्रतिशत जरिवाना आयोजनालाई बुझाउनुपर्ने आयोजना प्रमुख शर्माले बताउनुभयो । निर्माणाधीन अलपत्र कोवाङ-जोमसोम सडक निर्माणमा प्रयोग भएका उपकरण थन्क्याएको अवस्थामा छ । सडक निर्माणकार्यका लागि खटिएका जनशक्ति काममा फर्किएका छैनन् । ***रासस***

# वन मन्त्रालयमा 'जेड्सी' कार्यान्वयन

काठमाडौँ, २९ फागुन । वन तथा वातावरण मन्त्रालयले 'वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना २०८२-२०९१ (जेड्सी)' लागू गरेको छ ।

दस वर्षदेखि तयारी गर्दै आएको उक्त रणनीति फागुन १५ गते देखि स्वीकृत भई लागू गरिएको हो । आज मन्त्रालयले कार्यक्रम आयोजना गरी वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईंले रणनीति दस्तावेज सार्वजनिक गर्नुभयो । उहाँले भन्नुभयो, "वन क्षेत्रमा लैङ्गिक सहभागिताले महिलाको नेतृत्व विकासमा ठूलो टेवा पुऱ्याएको छ ।"

मन्त्री चौलागाईंले हालै पारित भएको रणनीतिलाई सबै क्षेत्रमा व्यावहारिक रूपमा कार्यान्वयन गर्न आग्रह गर्नुभयो । साथै, नीतिसँगै नियती बदलेर लैङ्गिकमैत्री कार्यस्थल बनाउन समेत उहाँले जोड दिनुभयो ।

कार्यक्रममा मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले रणनीति आउनु आफैँमा पहिलो सफलता रहेको उल्लेख गर्दै यसलाई व्यवहारमा उतार्न सम्बन्धित क्षेत्रको प्रमुख दायित्व हुने बताउनुभयो । लैङ्गिकमैत्री समाजिक न्याय स्थापना गर्न आवश्यक बजेटको समेत महत्त्व हुने हुँदा यसतर्फ संवेदनशील हुन जरुरी रहेको उहाँको भनाइ थियो ।

कार्यक्रममा वन तथा वातावरण मन्त्रालयअन्तर्गत कार्यरत विभिन्न विभागका लैङ्गिक सम्पर्क व्यक्तिलाई कदरपत्रसहित सम्मान गरिएको थियो ।

सो अवसरमा वन मन्त्रालयका उपसचिव दीपा ओलीले हालै लागू गरिएको वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्यान्वयन योजना (२०८२-२०९१) मा समावेश गरिएका महत्त्वपूर्ण बुँदा प्रस्तुत गर्नुभयो । विभिन्न ७४ रणनीतिअन्तर्गत कार्ययोजना समेटिएको छ । जसमा हरेक पाँच वर्षमा रणनीति तथा कार्ययोजनाको पुनरावलोकन गर्ने तथा हरेक तीन वर्षमा वन क्षेत्रमा लैङ्गिक मूलप्रवाहीकरण राष्ट्रिय कार्यशाला गोष्ठी आयोजना गर्ने उल्लेख छ ।

त्यस्तै, रणनीतिमा महिला कर्मचारीलाई वन परिसरमा सुविधायुक्त शिशु स्याहार केन्द्रको स्थापना र सञ्चालन गर्ने, महिला कर्मचारी सरुवा गर्दा बच्चा भएको दुई वर्षसम्म साथै माग भई आएमा श्रीमान्-श्रीमती दुवैलाई एकै जिल्लामा हुनेगरी सरुवा मापदण्ड बनाई कार्यान्वयन गर्ने, अपाङ्गमैत्री सवारीसाधनको व्यवस्था मिलाउने, कार्यालयमा रहेका स्रोत र साधन महिला एवं अपाङ्ग मैत्री बनाउनेलगायतका बुँदा समावेश गरिएको छ ।

कार्यक्रममा सामुदायिक वनका महासचिव पार्वता गौतम, वन प्राधिकरण सङ्घका अध्यक्ष राकेश कर्ण, विश्व वन्यजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङ, लैङ्गिक समानता विज्ञ कञ्चन लामालगायतले रणनीतिको महत्त्वबारे धारणा राख्नुभएको थियो । ***रासस***

। सम्पादकीय ।

# पर्याप्त विद्युत् उत्पादन गरेको भए ग्यासको समस्या नहुने

नेपाल जलस्रोतमा धनी देश हो । जलस्रोतमा धनी देशको सरकारले पर्याप्त विद्युत् उत्पादन गरेको भए, उत्पादित विद्युत् सस्तोमा उपलब्ध गराएको भए नेपाली जनता ग्यासमा भरपर्नुपर्ने थिएन । नेमकिपाका सांसदहरूले सदन र सडकमा देशमा पर्याप्त विद्युत् उत्पादन गरेर सस्तोमा विद्युत् सेवा प्रवाह गर्न सरकारको बारम्बार ध्यानाकर्षण गरेका थिए । नेपाली जनताले विद्युत्बाटै भान्साको काम चलाउन पाएको भए ग्यासको खासै जरुरी हुने थिएन; जरुरी नै भए पनि कममात्र प्रयोग हुन्थ्यो । केही हप्तादेखि देशमा ग्यासको अभाव भयो । भारतले विश्व बजारबाट आपूर्ति कम भएको कारण देखाउँदै नेपालतर्फको  निर्यात परिणाम घटाउन थालेपछि नेपाल आयल निगमले जनताको आवश्यकताअनुसार ग्यास आपूर्ति गर्नसकेन । बजारमा ग्यास अभाव देखिएपछि निगमले शुक्रबारदेखि आधा भरिएको ग्यास सिलिन्डर वितरण सुरु गरेको छ । भारतबाट आयात हुने ग्यास परिणाम घट्न थालेपछि आयल निगमको निर्देशनमा आधा भरिएको ग्यास सिलिन्डर वितरण गरिएको हो ।

संरा अमेरिका र इजरायल मिलेर इरानको तेल खानी र आणविक भण्डारमा आक्रमण गरेसँगै नेपालमा इन्धन र खाद्यान्नको अभाव भएको बुझिएको छ । मध्यपूर्वको युद्ध र खाडी क्षेत्रको अस्थिरताले खाद्यान्नको मूल्यमा पनि वृद्धि भएको छ । यसअघि २०७२ सालमा पनि भारतले नेपाललाई नाकाबन्दी गरेको बेला ग्यासको हाहाकार भएको थियो । ग्यास आपूर्ति गर्न पछि आयल निगमले आधा भरिएको ग्यास वितरण गरेको थियो । ग्यास अभाव भएसँगै यसले नेपाली उपभोक्तामा असर परेको छ । यसबारे फागुन २९ गते प्रकाशित विभिन्न पत्रपत्रिकाहरूमा ‘आजबाट आधा ग्यास भरिएको सिलिन्डर’, ‘खाद्यान्न, इन्धनको अभाव र बजारको अस्थिरता’, ‘ग्यास लिन घण्टौँ लाइनमा’, ‘अभाव हटाउन आजदेखि आधा सिलिन्डर’, ‘मौका छोप्दै सिमेन्ट र पाइपमा ४० प्रतिशतसम्म वृद्धि’ जस्ता शीर्षकका समाचारहरू छापिए ।

मागअनुसार खाना पकाउने ग्यास नपाएपछि उपभोक्ताहरू ग्यास लिन घण्टौँ लाइनमा बसे । कति पसलमा त हप्तादिनदेखि नै ग्यास छैन भनेर बिक्री नै गरिएन । बिक्रेताले मागको आधारमा ग्यास दिन सकेन । उनीहरूले खाली ग्यास सिलिन्डर लिएर क्यूमा राखे । एकातिर इन्डियन आयल कर्पोरेसनले नियमितरूपमा ग्यास आयात भइरहेको जनाएको छ भने अर्कोतिर ग्यास नै छैन भनी सिलिन्डर बिक्री गरिएको छैन । आधा भरिएको सिलिन्डर बिक्री गर्न थालेपछि उपभोक्ताहरू ग्यास लिन घण्टौँ लाइनमा बस्न बाध्य भए । कति उपभोक्ताले लाइन बसेर पनि ग्यास पाएनन् । बजारमा चर्चा भएअनुसार कतिले निगमको व्यवस्थापकीय कमजोरीले ग्यास अभाव भएको बताए भने कतिले उपभोक्ताले ग्यास स्टक राखेको बताए ।

अमेरिका-इजरायल र इरानको युद्धले विश्व बजारमा तेल ( पेट्रोलियम पदार्थ) को मूल्य बढेको बताइएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको युद्धलाई अन्तिम निष्कर्षसम्म पुऱ्याउने उद्घोष गरेपछि इरानले मध्यपूर्वका ऊर्जा पूर्वाधार लक्षित प्रत्याक्रमण तीव्र पारेको छ । ग्यास सिलिन्डर साँच्चै लुकाएर अभाव भएको हो कि होइन भन्नेबारे सरकारले बोलेको छैन । सिमेन्ट र पाइपमा किन अधिक मूल्यवृद्धि भयो भन्नेबारे सरकारले छानबिन गर्नुपर्ने हो । नेपालका प्रमुख खाद्य उद्योगहरूले वर्तमानमा खाद्य सामग्रीको मूल्य स्थिर राख्न कठिनाइ भइरहेको बताएका छन् । यसबारे अन्तरिम सरकार मौन छ । सरकारले जनतामा परेको त्यो मर्काबारे न विकल्प सोचेको छ न त समस्या समाधान गर्ने उपाय खोजेको छ ।

शासकहरू विदेशीको भरमा बसे । विदेशीले सहयोग गरिरहेकै छ भनी सरकारले देशको स्रोत र साधन उपयोग गरी आधारभूत आवश्यकता पूर्ति गर्नेतर्फ नलाग्दा देशले बेलाबखत अभावको सामना गर्नुपरेको हो । देशलाई आत्मनिर्भर बनाउनेतर्फ सरकारको ध्यान कहिल्यै पुगेन । सरकारको गैरजिम्मेवारी या अदूरदर्शिताको कारण देशमा कहिले आर्थिक सङ्कट, कहिले खाद्यान्न अभाव, कहिले पेट्रोलियम पदार्थको हाहाकार भइरह्यो । प्राकृतिक प्रकोप, भूकम्प, बाढी पहिरो, हुरी बतास, रोगको प्रकोप आदि घटनाले पनि नेपाली जनता मारमा परे । निर्यातभन्दा आयात बढ्यो; व्यापार घाटा भयो । शासकहरू इमानदार, देशभक्त र दूरदर्शी नहुनाको कारण नेपाली जनताले बेथिति भोगे, समस्या भोगे, विकासमा अघि बढ्नुपर्नेमा झन्झन् पछि पऱ्यो । सरकारले ध्यान नपुऱ्याएको कारण यो समस्या देखिएको हो । यसबारे शासकहरू गम्भीर हुनुपर्छ ।

# क्युबाली क्रान्ति अमेरिकी साम्राज्यवादविरुद्ध अडिग छ


✍ विजय प्रशाद

सन् २०२६ को जनवरीमा, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युबालाई अमेरिकी सुरक्षाका लागि ‘असामान्य र असाधारण खतरा’ घोषणा गरे । यो यस्तो दर्जा हो जसले अमेरिकी सरकारलाई सामान्यतया राष्ट्रिय सुरक्षाका शत्रुहरूका लागि सुरक्षित राखिने व्यापक आर्थिक प्रतिबन्धहरू लगाउने अनुमति दिन्छ । क्युबा विरुद्धको अमेरिकी नाकाबन्दी सन् १९५९ को क्युबाली क्रान्तिलगत्तै १९६० को दशकमा सुरु भएको थियो, तर वर्षौंदेखि यो झन् कडा हुँदै गएको छ । संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्को कुनै पनि जनादेश बिना, जसले कडा सर्तहरूमा मात्र प्रतिबन्धको अनुमति दिन्छ । अमेरिकाले एकतर्फी र अवैध नाकाबन्दी चलाउँदै आएको छ, जसले विश्वभरका देशहरूलाई क्युबासँग आधारभूत व्यापार रोक्न बाध्य पार्ने प्रयास गर्दछ । नयाँ प्रतिबन्धहरू विशेष गरी तेलमा केन्द्रित छन् । अमेरिकी सरकारले क्युबालाई तेल बेच्ने वा ओसारपसार गर्ने जुनसुकै देशमाथि महसुल र प्रतिबन्ध लगाउने धम्की दिएको छ ।

जनवरी ३ मा, अमेरिकाले भेनेजुयलामाथि आक्रमण गरी राष्ट्रपति निकोलस मादुरो मोरोस र राष्ट्रिय सभाकी उपप्रमुख सिलिया फ्लोरेसलाई अपहरण गऱ्यो । काराकासको आकाशमा १५० वटा अमेरिकी सैन्य विमानहरू तयारी अवस्थामा रहँदा, अमेरिकाले भेनेजुयला सरकारलाई जानकारी दियो कि यदि उनीहरूले मागहरूको सूची स्वीकार गरेनन् भने, अमेरिकाले काराकासको मुख्य सहरलाई ‘गाजा सहर’ जस्तै बनाइदिनेछ । सरकारका बाँकी सदस्यहरूसँग वार्तामा कुनै पनि शक्ति नभएका कारण, उनीहरूले बाध्य भएर रणनीतिक सम्झौता गर्नुपऱ्यो र अमेरिकी मागहरू स्वीकार गरे । ती मागहरूमध्ये एउटा माग भेनेजुयलाले क्युबालाई तेल निर्यात गर्न बन्द गर्नुपर्ने थियो । सन् २०२५ मा, भेनेजुयलाले क्युबाको कूल तेल मागको करिब ३४ प्रतिशत योगदान गरेको थियो । निकट भविष्यमा भेनेजुयलाको तेल आपूर्ति बन्द हुने निश्चित भएपछि, क्युबाले पहिले नै गम्भीर समस्याको पूर्वानुमान गरिसकेको थियो ।

तर, यतिमा मात्र कुरा रोकिएन । सन् २०२५ मा क्युबाको कच्चा तेल आयातको ४४ प्रतिशत हिस्सा मेक्सिकोले आपूर्ति गरेको थियो । अब वासिङ्टनबाट मेक्सिको सिटीलाई क्युबातर्फको तेल निर्यात बन्द गर्न तीव्र दबाब बढ्न थाल्यो, जसको अर्थ क्युबाको लगभग ८० प्रतिशत तेल आयात ठप्प हुनु हो । मेक्सिकोकी राष्ट्रपति क्लाउडिया सेनवाम र ट्रम्पबिच भएको टेलिफोन वार्तामा, ट्रम्पले आफूले उनलाई क्युबालाई तेल बेच्न बन्द गर्न भनेको दाबी गरे । तर सेनवामले त्यसको खण्डन गर्दै दुई राष्ट्रपतिबिच केवल अमेरिका-मेक्सिको सम्बन्धका बारेमा सामान्य कुरा भएको बताइन् । जे भए पनि, मेक्सिकोलाई तेल ढुवानी रोक्न दिइएको दबाब निकै ठुलो छ । सेनवामले मेक्सिकोलाई सार्वभौम निर्णय गर्ने अधिकार हुनुपर्ने र मेक्सिकोका जनता अमेरिकी दबाबसामु नझुक्ने कुरामा जोड दिएकी छिन् । क्युबामा इन्धन आपूर्ति कटौती गर्दा मानवीय सङ्कट निम्तिने भएकाले सेनवामले आफ्नो सरकारले ट्रम्पको माग स्वीकार नगर्ने स्पष्ट पारिन् ।

ट्रम्पको यो क्रूर नीतिले प्रभावकारी रूपमा क्युबाको अधिकांश तेल आयात ठप्प पारिदिएको छ, जसले गर्दा एक करोड १० लाख जनसङ्ख्या भएको यस टापु राष्ट्रमा ठुलो ऊर्जा सङ्कट उत्पन्न भएको छ । त्यहाँ तालिकाबद्ध विद्युत् कटौती (लोडसेडिङ) समस्या छ; अस्पताल, खानेपानी प्रणाली र यातायातका लागि इन्धनको अभाव छ र बिजुलीको राशनिङ (सीमित वितरण) गरिएको छ । हवाई इन्धनको अभावका कारण ‘एयर क्यानडा’




जस्ता कैयौँ व्यावसायिक एयरलाइन्सहरूले हवानाका लागि आफ्ना उडानहरू बन्द गरेका छन् ।

संयुक्त राष्ट्र सङ्घले चेतावनी दिएको छ कि अमेरिकी दबाब अभियान-विशेष गरी इन्धनलाई लक्षित गर्ने नीतिले क्युबाको खाद्यान्न र पानी आपूर्ति, अस्पताल, विद्यालय र आधारभूत सेवाहरूलाई खतरामा पारेको छ । क्युबामा मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घका विशेष प्रतिनिधि लगायतका अधिकारीहरूले अमेरिकाले नाकाबन्दी कडा पार्नुलाई सर्वसाधारण नागरिकलाई प्रत्यक्ष हानि पुऱ्याउने कदम भन्दै भर्त्सना गरेका छन् । उनीहरूले के औँल्याएका छन् भने, यी प्रतिबन्धहरूले अस्पतालहरूलाई अत्यावश्यक औषधि प्राप्त गर्न, डायलासिस क्लिनिकहरू सञ्चालन गर्न र बिरामीसम्म चिकित्सा उपकरणहरू पुऱ्याउन कठिन बनाएको छ, जसले क्युबाको स्वास्थ्य सङ्कटलाई झन् बिगारेको छ । विशेष प्रतिनिधिले यस नीतिलाई ‘दण्डात्मक र असन्तुलित’ भन्दै यो अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन भएको र यसले सामाजिक-आर्थिक कष्टलाई थप गहिरो बनाएको कुरामा जोड दिए । संयुक्त राष्ट्र सङ्घले अमेरिकालाई प्रतिबन्धहरू हटाउन र मानवीय छुटलाई प्राथमिकता दिन आग्रह गरेको छ । साथै, क्युबाली जनताको जीवन र मानव अधिकारको रक्षाका लागि बाध्यकारी उपायहरू नभई संवाद र सहयोग आवश्यक रहेको कुरामा जोड दिएको छ ।

संयुक्त राष्ट्र सङ्घका मानव अधिकार विज्ञहरूको एउटा समूहले ट्रम्पको कार्यकारी आदेशलाई ‘अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घन’ र ‘लोकतान्त्रिक एवं समतामूलक अन्तर्राष्ट्रिय व्यवस्थाका लागि गम्भीर खतरा’ भन्दै भर्त्सना गरेको छ । उनीहरूले तर्क गरेका छन् कि ट्रम्पको आदेशले व्यापारिक प्रतिबन्धको धम्की दिएर क्युबा र तेस्रो मुलुकहरूलाई बाध्य पार्न खोजेको छ र यस्ता क्षेत्र बाह्य आर्थिक उपायहरूले गम्भीर मानवीय परिणाम निम्त्याउने जोखिम हुन्छ । उनीहरूको विज्ञप्तिले स्पष्ट पारेको छ कि अन्तर्राष्ट्रिय कानुनअन्तर्गत कुनै पनि अधिकारले कुनै राज्यलाई वैध व्यापारिक सम्बन्धका लागि तेस्रो राज्यमाथि आर्थिक दण्ड लगाउने अनुमति दिँदैन । उनीहरूले ट्रम्प प्रशासनलाई उक्त अवैध आदेश खारेज गर्न आह्वान गरेका छन् । सन् १९९२ देखि हरेक वर्ष संयुक्त राष्ट्र सङ्घ महासभाले नाकाबन्दीको विरुद्धमा अत्यधिक मत दिँदै आएको छ, जहाँ प्राय: अमेरिका र इजरायलले मात्र यसको विरोध गर्छन् ।

अमेरिकी नाकाबन्दीले क्युबाको विकासको प्रतिमानमा गम्भीर असर पारेको छ । ६० वर्षअघि नाकाबन्दी सुरु भएदेखि हालसम्म अमेरिकाले क्युबालाई १७१ अर्ब डलर वा सुनको मूल्यसँग समायोजन गर्दा २.१० ट्रिलियन डलर बराबरको क्षति पुऱ्याएको छ । मार्च २०२४ र फेब्रुअरी २०२५ को बिचमा मात्रै, क्युबा सरकारको अनुमानअनुसार नाकाबन्दीले करिब ७.५ अर्ब डलरको क्षति पुऱ्याएको छ, जुन अघिल्लो अवधिको तुलनामा ४९ प्रतिशतले बढी हो । यदि १७१ अर्ब डलरको आँकडालाई आधार मान्ने हो भने, क्युबाली जनताले प्रतिदिन २०.७ मिलियन डलर वा प्रतिघण्टा ८,६२,५६८ डलर गुमाइरहेका छन् । समाजवादी मूल्य-मान्यतामा आधारित तर्कसङ्गत समाज निर्माण गर्न प्रयास गरिरहेको एउटा सानो देशको लागि यो क्षति निकै कष्टकर छ ।

**हवानाको प्रतिक्रिया**

क्युबाका राष्ट्रपति मिगुएल डियाज-कानेलले कडा पारिएको अमेरिकी उपायहरूलाई ‘आर्थिक युद्ध’ भन्दै यसको कडा निन्दा गरेका छन् र अमेरिकी नीति क्युबाको सार्वभौमसत्ता कमजोर बनाउन बनाइएको तर्क गरेका छन् । सरकारले यसलाई ‘ऊर्जा नाकाबन्दी’ भनेको छ र यस टापुमा देखिएको अभाव अमेरिकी बाध्यकारी नीतिको प्रत्यक्ष परिणाम भएको कुरामा जोड दिएको छ । प्रतिक्रियास्वरूप, क्युबाली क्रान्तिले सङ्कटकालीन योजनाहरू लागू गरेको छ, जसमा अस्पताल, खानेपानी प्रणाली र सार्वजनिक यातायातजस्ता अत्यावश्यक सेवाहरूलाई प्राथमिकता दिन इन्धनको नियन्त्रित वितरण (रासनिङ) समावेश छ ।

क्युबाले घटेको ऊर्जा आपूर्ति व्यवस्थापन गर्न राज्यका निर्देशिकाहरू पनि घोषणा गरेको छ, जसमा सम्भव भएसम्म वैकल्पिक र नवीकरणीय ऊर्जा स्रोतहरूतर्फ लाग्ने कुरा उल्लेख छ । चिनियाँ सरकारले आर्टेमिसा, ग्रान्मा, ग्वान्तानामो, होल्गिन, लास तुनास र पिनार डेल रियोमा ठुला सौर्य पार्कहरू निर्माण गर्न उपकरणहरू सहयोग गरेको छ । दीर्घकालीन रूपमा, चीनले क्युबालाई २,००० मेगावाट सौर्य क्षमता थप्न ९२ वटा सौर्य फार्महरू निर्माण गर्न सहयोग गर्नेछ । दुर्गम क्षेत्रका घरधुरीहरूलाई मद्दत गर्न चिनियाँ सरकारले छतमा ऊर्जा सङ्कलनका लागि ५,००० सौर्य किटहरू पठाएको छ । मेक्सिको र रुसका साथै अन्य देशहरूबाट पनि इन्धन अहिले क्युबातर्फ आइरहेको छ । ट्रम्पको एक्लो पार्ने नीति पूर्ण रूपमा सफल हुन सकेको छैन ।

क्युबाली सरकारले आफू वासिङ्टनसँग सम्पर्कमा रहेको तर अझै उच्चस्तरीय प्रत्यक्ष वार्ता भने नभएको बताएको छ । राष्ट्रपति डियाज-कानेलले आफ्नो सरकार संयुक्त राज्य अमेरिकासँग वार्ता गर्न तयार रहेको तर त्यसका लागि तीनवटा महत्त्वपूर्ण सर्तहरू पूरा हुनुपर्ने बताएका छन् । पहिलो, संवाद सम्मानजनक, गम्भीर र कुनै पनि दबाब वा पूर्वसर्त बिनाको हुनुपर्छ । दोस्रो, संवादले क्युबाको सार्वभौमसत्ता, स्वतन्त्रता र राजनीतिक प्रणालीको सम्मान गर्नुपर्छ । र अन्त्यमा, क्युबाली सरकार क्युबाको संविधान (भर्खरै २०१९ मा परिमार्जित) वा समाजवादप्रतिको क्युबाको प्रतिबद्धताका बारेमा कुनै पनि सम्झौता गर्न अनिच्छुक छ । यदि संयुक्त राज्य अमेरिकाले यी तीनमध्ये कुनै पनि विषयमा छलफल गर्न जोड गरेमा कुनै संवाद हुने छैन । यी विषयहरूमा क्युबाली क्रान्तिको यो अडान यसको इतिहासमा निहित छ-किनकि क्रान्ति आफैंमा सन् १८२३ को ‘मुनरो डक्ट्रिन’ (Monroe Doctrine) मार्फत पश्चिमी गोलार्द्धमाथि नियन्त्रण जमाउने अमेरिकी दाबी विरुद्धको एउटा चुनौती थियो ( जसलाई अहिले २०२५ मा ट्रम्पले आफ्नो परिमार्जित सिद्धान्त ‘कोरोलरी’ मार्फत नवीकरण गरेका छन्) । यो चुनौती सङ्क्रामक बनेको छ, जसले १९६० को दशकदेखि हालसम्म अमेरिकी साम्राज्यवादविरुद्ध ल्याटिन अमेरिकी प्रतिरोध निर्माण गरेको छ । जसमा भेनेजुयलाको ‘बोलिभेरियन प्रक्रिया’ (Bolivarian process) को मुख्य भूमिका रहेको छ ।

**आक्रोशको लहर**

ल्याटिन अमेरिका अहिले एक तीव्र र खतरनाक रूपान्तरणबाट गुज्रिरहेको छ । अर्जेन्टिनादेखि एल साल्भाडोरसम्मका देशहरूले एकपछि अर्को गर्दै ‘विशेष प्रकारका कट्टर दक्षिणपन्थी’ राजनीतिक शक्तिहरूलाई सत्तामा निर्वाचित गरेका छन् । यी त्यस्ता नेताहरू हुन् जो बलियो रूढिवादी सामाजिक मूल्य-मान्यता (जुन सम्पूर्ण अमेरिका क्षेत्रमा विस्तार भइरहेको प्रतिक्रियावादी इभान्जेलिकल इसाई धर्ममा आधारित छ), अपराध विरुद्धको युद्धका नाममा गरिबहरूमाथि निर्मम आक्रमण (यस्तो सिद्धान्त जसले सम्भावित अपराधीहरूलाई पक्राउ गरी जेल हाल्न आह्वान गर्छ, जसको सुरुवात एल साल्भाडोरका नायब बुकेलेले गरेका थिए), र पश्चिमी सभ्यतातर्फको तीव्र झुकाव जसमा अमेरिकाप्रति झुकाव र चीनको विरोध समावेश छ (यो भावना पश्चिमी संस्कृतिको उत्सवदेखि साम्यवादप्रतिको घृणासम्म फैलिएको छ) । यदि यो विशेष प्रकारको कट्टर दक्षिणपन्थी शक्तिले कोलम्बिया, क्युबा, मेक्सिको, निकारागुआ र भेनेजुयलाबाट वामपन्थीहरूलाई सत्ताच्युत गर्न सफल भयो भने, यो समूहले एक पुस्तासम्म शासन गर्ने देखिन्छ ( ब्राजिलमा, यस दक्षिणपन्थले व्यवस्थापिकामाथि पहिले नै कब्जा जमाइसकेको छ) ।

भेनेजुयला र क्युबामाथिको समानान्तर आक्रमण, सम्पूर्ण अमेरिका क्षेत्रमा ‘आक्रोशको लहर’ बढ्नुमा अमेरिकाको योगदानका हिस्सा हुन् । ट्रम्प र उनका सहयोगीहरूले आफ्नो ‘मुनरो डक्ट्रिन’ को संशोधित संस्करण कोरोलरीअन्तर्गत ल्याटिन अमेरिकाभरि ज्याभियर मिलेइ जस्ता आफ्ना मनपर्ने नेताहरू स्थापना गर्न चाहन्छन् । यसैले नै अमेरिका क्षेत्रमा सार्वभौमसत्ताको अवधारणालाई पुनर्जीवित गरेको छ । जब पोर्टो रिकन ऱ्यापर ब्याड बनी (Bad Bunny) ले अमेरिकी ‘सुपर बाउल’ मा आफ्नो प्रस्तुतिको अन्त्यमा अमेरिका क्षेत्रका सबै देशहरूको उत्सव मनाए र प्रत्येक देशको नाम लिए, त्यो इशारा आफैंमा सार्वभौमसत्ताको अवधारणा माथिको वैचारिक लडाइँको एक हिस्सा थियो ।

क्युबाली क्रान्ति ठुलो दबाबका बिच पनि अमेरिकी साम्राज्यवादविरुद्ध अडिग छ । क्युबासँगको ऐक्यबद्धता भनेको क्युबाली जनताका लागि, क्युबाली क्रान्तिका लागि, सम्पूर्ण अमेरिका क्षेत्रको वास्तविक सार्वभौमसत्ताका लागि र

***बाँकी पृष्ठ ६ मा***

## सन्दर्भ : कार्ल मार्क्स स्मृति दिवस (मार्च १४)

# मार्क्सका दुई महत्त्वपूर्ण सिद्धान्तहरू

✍ फ्रेडरिक एङ्गेल्स


विज्ञानको इतिहासमा मार्क्सले महत्त्वपूर्ण कुरा पत्ता लगाउनुभयो, आफ्नो नाम अमर बनाउनुभयो, ती महत्त्वपूर्ण कुराहरूमध्ये हामी यहाँ दुईवटा कुराबारे चर्चा गरौँ :

पहिलो, विश्व इतिहासको सम्पूर्ण अवधारणा नै त्यो क्रान्ति हो, जुन मार्क्सले पूरा गर्नुभयो । सबै प्रकारका ऐतिहासिक परिवर्तनको मूल कारण मानव जातिको परिवर्तनशील विचारमा फेला पर्छ भन्ने धारणामा इतिहासको पुरानो दृष्टिकोण आधारित थियो । सबै प्रकारका ऐतिहासिक परिवर्तनहरूमध्ये राजनीतिक परिवर्तन सबैभन्दा महत्त्वपूर्ण हुन्छ र इतिहासमा त्यसको सर्वत्र प्रभुत्व हुन्छ ।

तर, मानिसका दिमागमा यी विचारहरू कहाँबाट आउँछन् ? राजनीतिक परिवर्तनका चालक शक्तिहरू के -के हुन् भन्ने लगायतका अहम् प्रश्नहरू मानिसहरूले सोधेनन् । फ्रेन्च र केही अङ्ग्रेजी इतिहासकारहरूको नयाँ शाखामा मात्र यो विश्वास दृढताका साथ प्रवेश भएको थियो कि, कम्तीमा मध्य युगदेखि नै सामाजिक र राजनैतिक प्रभुत्वको लागि युरोपको इतिहासमा सामन्ती कुलीनवर्गसँग पुँजीवादीवर्गको सङ्घर्ष नै त्यसको प्रेरक शक्ति थियो ।

मार्क्सले प्रमाणित गर्नुभयो कि अहिलेसम्मको सबै इतिहास वर्गसङ्घर्षको इतिहास हो । अहिलेसम्म भएका सबै विविध र जटिल राजनीतिक सङ्घर्षहरूका जडमा सामाजिक वर्गहरूको राजनीतिक र सामाजिक शासन चलेको हो । पुराना वर्गहरूले आफ्नो प्रभुत्व बनाइराख्ने र नयाँ उदीयमान वर्गहरूले आफ्नो प्रभुत्व कब्जा गर्ने समस्या कायमै छ । तर, यी वर्गहरूको जन्म र निरन्तरताका कारणहरू के हुन् ? तिनको कारण शुद्ध भौतिक अथवा गोचर परिस्थिति हो । त्यसअन्तर्गत समाजले कुनै पनि युगमा आफ्नो निर्वाहका साधनहरूको उत्पादन र विनिमय गर्दछ । मध्ययुगको सामन्ती शासनको आधार साना किसान समुदायहरूको स्वावलम्बी अर्थतन्त्र थियो । आफूलाई आवश्यक पर्ने सबै चीजहरू उनीहरू आफैँ उत्पादन गर्थे । त्यहाँ प्रायः विनिमयको पूर्ण अभाव थियो । सशस्त्रधारी सामन्ती शासकहरूले उनीहरूलाई जातीय वा कम्तीमा राजनीतिक एकता दिँदै बाह्य आक्रमणहरूबाट जोगाउँथे । सहरहरूको उदयसँगै विभिन्न हस्तकला र आपसी व्यापारको विकास भयो । त्यो सुरुमा आन्तरिक क्षेत्रमा सीमित थियो र पछि अन्तर्राष्ट्रिय रूपमा विकास भयो । योसँगै सहरमा पुँजीपतिवर्गको विकास भयो र मध्यमवर्गमा नै सामन्ती शासकहरूसँग लड्दै सामन्ती व्यवस्थाभित्र विशेषाधिकार प्राप्त वर्गको रूपमा पुँजीपतिले आफ्नो स्थान बनायो ।

तर, १५ औं शताब्दीको मध्यदेखि युरोप बाहिरको संसारमा यो पुँजीपतिवर्गले आफ्नो व्यापारका लागि धेरै फराकिलो क्षेत्र फेला पारेको थियो । यसले उनीहरूको उद्योगलाई नयाँ गति दिन मद्दत गऱ्यो । प्रमुख शाखाहरूमा हस्तकलाद्वारा उत्पादन प्रतिस्थापन गरी अब कारखानाको स्तरमा स्थापित भयो । त्यसपछि यो ठाउँ ठूला उद्योगद्वारा प्रतिस्थापित गरिए । जुन पछिल्लो शताब्दीको आविष्कार, त्यसमा पनि विशेषगरी वाष्प इन्जिनद्वारा सम्भव भएको थियो । ठूला उद्योगको व्यापारले यस्तो प्रभाव पारेको थियो कि पिछडिएका देशहरूमा मान्छे र हातले गर्ने कतिपय काम ठप्प भए । विकसित देशहरूमा सञ्चारका आधुनिक नयाँ साधनहरू-वाफबाट चल्ने पानीजहाज, रेल तथा बिजुलीका तारहरूको उत्पादन भयो । यसरी पुँजीपतिवर्गले सामाजिक सम्पत्ति र सामाजिक शक्ति दुवैलाई आफ्नो हातमा बढी केन्द्रित गर्न थाल्यो । यद्यपि लामो समयसम्म सामन्ती शासकहरूको हातमा रहेको राजनीतिक सत्ता र उनीहरूद्वारा समर्थित राजतन्त्रबाट भने पुँजीपतिवर्ग बञ्चित थियो । तर, विकासको एक यस्तो चरण



आयो-गौरवशाली फ्रान्सेली क्रान्तिपछि पुँजीपतिवर्गले राजनीतिक शक्ति पनि कब्जा गऱ्यो । त्यसपछि तिनीहरू सर्वहारा र साना किसानहरूमाथि शासन गर्ने वर्गका रूपमा रहे ।

समाजको विशेष आर्थिक अवस्थाको यथोचित ज्ञान भएपछि मात्रै ऐतिहासिक घटनाहरूलाई राम्ररी व्याख्या गर्न सकिन्छ । यद्यपि सो ज्ञान हाम्रा व्यावसायिक इतिहासकारहरूसँग एकदमै कम छ । त्यसैगरी, प्रत्येक ऐतिहासिक युगको अवधारणा र विचारलाई त्यस युगको आर्थिक जीवन अवस्था र सामाजिक तथा राजनीतिक सम्बन्धका (यी सम्बन्धहरू पनि आर्थिक अवस्थाले नै निर्धारण हुन्छन्) आधारमा सजिलै व्याख्या गर्न सकिन्छ । यसरी, इतिहासले पहिलोपटक आफ्नो वास्तविक आधार भेट्टायो ।

यो आधार अति स्पष्ट सत्य हो, जसलाई पहिले पहिले पटक्कै ध्यान दिइएको थिइएन । सबैले जानेकै कुरा हो कि मानवलाई सबैभन्दा पहिले गाँस, बास र कपास चाहिन्छ । त्यसो हुँदा उनीहरूले पहिले त काम गर्नैपर्छ । त्यसपछि मात्र उनीहरू प्रभुत्वका लागि एकअर्कासँग लड्न सक्छन् र त्यसपछि मात्रै राजनीति, धर्म र दर्शन आदिका लागि आफ्नो समय छुट्याउन सक्छन् । अन्ततः यो सच्चाइको पुष्टि भयो । यसले ऐतिहासिक अधिकार प्राप्त गऱ्यो ।

इतिहासको यो नयाँ धारणा समाजवादी दृष्टिकोणको लागि सबैभन्दा महत्त्वपूर्ण थियो । यसले देखाउँछ कि विगतको सम्पूर्ण इतिहास वर्गीय द्वन्द्व र वर्गसङ्घर्षको बिचमा रहेको छ । शासक र शासित, शोषक र शोषित वर्गहरू समान रूपमा अस्तित्वमा छन् र बहुसङ्ख्यक मानव जातिले आफ्ना लागि सङ्घर्ष गरिरहेका छन् । थोरै मान्छेहरूले आनन्दभोग गरिरहेका छन् । यस्तो किन हुन्छ ? किन धेरै परिश्रम गर्नेहरूका भागमा कम आनन्द छ ?

किनभने, मानव जातिको विकासका अघिल्ला सबै चरणहरूमा उत्पादनको विकास यति न्यून भएको थियो कि ऐतिहासिक विकास यही अन्तरविरोधी रूपमा मात्र हुनसक्थ्यो । ऐतिहासिक प्रगतिलाई लगभग एक विशेषाधिकार प्राप्त अल्पसङ्ख्यक समुदाय (धनी तथा शोषक वर्ग) को सम्पूर्ण क्रियाकलापकै विषय बनाइयो । बहुसङ्ख्यकका भागमा जीवन निर्वाहका थोरै साधन तर विशेषाधिकार प्राप्त समुदायका लागि भने अत्यन्तै धेरै साधनहरू उपलब्ध गराइयो । तर, इतिहासको अनुसन्धानले हामीलाई पुरानो वर्गीय शासनको स्वाभाविक र तर्कसङ्गत व्याख्या दिन्छ (अन्यथा हामीले मानव प्रकृतिको दुष्टताद्वारा मात्र त्यसको व्याख्या गर्न सक्छौँ) साथै हामीलाई यो महसुस गराउँछ कि वर्तमान युगमा उत्पादक शक्तिहरूको तीव्र विकासका कारण मानव जातिलाई शासक र शासित, शोषक र शोषितहरूमा विभाजित गर्ने अन्तिम बहाना पनि कमसेकम अति विकसित देशहरूमा मेटिएको छ । अर्थात्, ठूला पुँजीपति शासकहरूले आफ्नो ऐतिहासिक भूमिका समाप्त गरिसकेका छन् ।

आज विश्वभरको व्यापारिक सङ्कट र विशेषगरी सबै देशहरूको पछिल्लो भयानक आर्थिक मन्दीका घटनाले यो प्रमाणित भइसकेको छ कि यिनीहरू समाजको नेतृत्व गर्न सक्षम छैनन् । उल्टै, यिनीहरू उत्पादनको विकासमै बाधक बनेका छन् । आज ऐतिहासिक नेतृत्व सर्वहारावर्गको हातमा गएको छ । समाजमा आफ्नो समग्र स्थितिका कारणले पूर्ण वर्गीय शासन, पूर्ण दासत्व र पूर्ण शोषणको अन्त्य गरेर मात्र आफूलाई मुक्त गर्न सक्ने वर्गको हातमा नेतृत्व पुगेको छ ।

आज सामाजिक उत्पादक शक्तिहरू यति विकसित भइसकेका छन् कि तिनीहरू पुँजीपतिवर्गको नियन्त्रणभन्दा बाहिर छन् । एकताबद्ध सर्वहारावर्गले आफ्नो हातमा सामाजिक उत्पादक शक्ति लिनुपर्ने अवस्था आएको छ । त्यसो हुँदा समाजका प्रत्येक सदस्य सामाजिक सम्पत्तिको उत्पादनमा मात्रै होइन, वितरण र व्यवस्थापनमा पनि सहभागी हुन पाउनेछन् । त्यो चरण जसले सम्पूर्ण उत्पादनको योजनाबद्ध सञ्चालनद्वारा सामाजिक उत्पादक शक्तिहरू र तिनीहरूको उपजलाई यस हदसम्म बढाउनेछन् कि प्रत्येक व्यक्तिको सबै उचित आवश्यकताहरूको पूर्ति सुनिश्चित हुनेछ ।

मार्क्सले पत्ता लगाएको दोस्रो महत्त्वपूर्ण कुरा पुँजी र श्रमबिचको सम्बन्धको निश्चित व्याख्या हो । अर्को शब्दमा भन्नुपर्दा उहाँले वर्तमान समाजमा र विद्यमान पुँजीवादी उत्पादन प्रणालीमा पुँजीपतिले श्रमिकलाई कसरी शोषण गर्छ भन्ने कुरा हो । यो सवाल राजनीतिक अर्थशास्त्रले श्रम नै सबै सम्पत्ति र सबै मूल्यको आधारभूत स्रोत हो भनी प्रस्ताव गरेको थियो, तबदेखि हामीले यो तथ्यलाई कसरी मिलाउने भनेर उठेको छ । ज्यालादारी मजदुरले आफ्नो श्रमबाट प्राप्त हुने मूल्यको सम्पूर्ण अंश पाउँदैन, तर त्यसको केही अंश पुँजीपतिलाई दिनुपर्छ ।

पुँजीवादी र समाजवादी दुवैखाले अर्थशास्त्रीहरूले यस प्रश्नको तार्किक र वैज्ञानिक उत्तर दिन खोजे तर उनीहरू असफल भए । अन्त्यमा मार्क्सले नै सही जवाफ दिनुभयो । त्यसको जवाफ यसप्रकार छः वर्तमान पुँजीवादी उत्पादन प्रणालीमा दुई वर्ग छन्- एकातिर पुँजीपति वर्ग छ, जसको हातमा उत्पादन र निर्वाहका साधनहरू छन् भने अर्कोतर्फ सर्वहारावर्ग छ । उनीहरूसँग कुनै साधन छैन तर एउटै वस्तु छ । त्यो हो आफ्नो श्रम-शक्ति । त्यसैले जीविकोपार्जनका साधनहरू प्राप्त गर्न यो वर्ग श्रम-शक्ति बेच्न बाध्य छ । तर, कुनै वस्तुको मूल्य त्यस वस्तुको उत्पादन र त्यसको पुनरुत्पादनमा लागेको सामाजिक श्रमको मात्राबाट निर्धारण गरिन्छ । यसरी एक औसत मानिसको श्रमशक्तिको मूल्य एक दिन, एक महिना वा एक वर्षको लागि सो श्रम-शक्तिलाई दिन, एक महिना वा एक वर्षको लागि टिकाउन आवश्यक निर्वाहका साधनहरूमा संलग्न श्रमको मात्राले पनि निर्धारण गरिन्छ/हुन्छ ।

मानौं, एक दिनको निर्वाहका साधनहरू उत्पादन गर्न कामदारलाई ६ घण्टाको श्रम चाहिन्छ वा त्यसमा लगाइएको श्रम ६ घण्टाको श्रमको परिमाण बराबर हुन्छ भने श्रमशक्तिको एक दिनको मूल्य यस्तो रकममा व्यक्त हुन्छ जसमा ६ घण्टाको श्रम लागेको हुन्छ ।

अब यो पनि मान्नुहोस् कि कामदारलाई काममा लगाउने पुँजीपतिले उसलाई बदलामा यो रकम दिन्छ र त्यसैले उसलाई उसको श्रम-शक्तिको पूरा मूल्य दिन्छ । अब कामदारले पुँजीपतिको लागि दिनको छ घण्टा काम गरेमा उसले पुँजीपतिको पूरा खर्च तिर्छ- ६ घण्टाको श्रमको मूल्य बराबर छ घण्टा श्रम दिन्छ । तर, यस्तो अवस्थामा पुँजीपतिका लागि त केही पनि रहँदैन, त्यसैले उसले यसलाई पूर्णतया फरक तरिकाले डिल गर्छ ।


पुँजीपति भन्छ, "मैले यो मजदुरको श्रमशक्ति ६ घण्टाको लागि होइन, दिनभरको लागि किनेको छु ।" त्यसैले उसले मजदुरबाट ८, १०, १२, १४ वा त्योभन्दा बढी घण्टाको कठिन श्रम गराउँछ । यस्तो श्रम जसको भुक्तानी दिइँदैन तर उत्पादन गरिन्छ । त्यो सिधै पुँजीपतिको खल्तीमा जान्छ । यसरी पुँजीपतिद्वारा रोजगारीमा लगाइएका श्रमिकले आफूले पाएको श्रमशक्तिको मूल्य मात्र पुनः उत्पादन गर्दैनन्, थप मूल्य पनि उत्पादन गर्छ, जुन पहिले पुँजीपतिले कब्जा गर्छ र पछि निश्चित आर्थिक कानुनअनुसार सम्पूर्ण पुँजीपतिमा बाँडिन्छ ।

यो अतिरिक्त मूल्य त्यो आधारभूत कोष हो, जसबाट भाडा, नाफा र पुँजी सञ्चित हुन्छ । छोटकरीमा भन्दा त्यो सबै सम्पत्ति जसको गैर-श्रमिक वर्गले उपभोग गर्ने वा जम्मा गर्ने गर्दछ । यसबाट आजका पुँजीपतिहरूले सम्पत्ति जम्मा गर्नु भनेको श्रमिकको अतिरिक्त श्रमको मूल्य कब्जा गर्नु हो भनेर प्रमाणित हुन्छ, जसरी दास-मालिक वा भूदासको शोषण गर्ने सामन्तहरूले सम्पत्ति जम्मा गर्ने गर्दछन् । शोषणका यी सबै रूपहरूमा अतिरिक्त श्रमको मूल्य कब्जाको तरिका र ढङ्गमा मात्रै फरक छ ।

यसबाट यो तथ्य प्रमाणित हुन्छ कि वर्तमान पुँजीवादी समाज आफ्ना पूर्ववर्ती समाजहरूझैं र कुनै पनि हिसाबले उनीहरूभन्दा कम वा फरक छैनन् । यसको अर्थ अल्पसङ्ख्यकले बहुसङ्ख्यकमाथि शोषण गर्ने अर्को विशाल संस्था हो पुँजीवादी समाज ।

# कार्ल मार्क्सको समाधिस्थलमा एङ्गेल्सको भाषण

१४ मार्चको दिउँसो पौने तीन बजे, संसारका एक महान् विचारकको चिन्तन-क्रिया रोकियो । उहाँलाई मुस्किलले २ मिनेटका लागि एक्लै छोडिएको थियो होला । तर, जब हामीहरू फर्किएर आयौँ, हामीले देख्यौँ कि उहाँ आराम गर्ने कुर्सीमा शान्तिले सुत्नुभएको थियो सधैँको लागि । उहाँको मृत्युले युरोप र अमेरिकाका जुझारु, सर्वहारावर्ग र ऐतिहासिक विज्ञानका लागि अपार क्षति भएको छ । यो ओजस्वी आत्माको महाप्रस्थानले पैदा भएको अभाव मानिसहरूले छिट्टै नै अनुभव गर्नेछन् ।



जीव प्रकृतिको क्षेत्रमा जसरी डार्विनले 'विकास अथवा अर्ग्यानिक प्रकृतिको सिद्धान्त' पत्ता लगाउनुभएको थियो, उसैगरी मानव इतिहासमा मार्क्सले विकासको नियम पत्ता लगाउनुभएको थियो । त्यतिञ्जेलसम्म, विचारधाराको अतिवृद्धिले यसरी छोपेको थियो कि राजनीति, विज्ञान, कला, धर्म आदिमा लाग्नुपूर्व मानव जातिलाई गाँस, बास र कपास चाहिन्छ भन्ने अवधारणा थियो ।

त्यसैले जीविकाका लागि निर्माण गरिने तत्कालीन भौतिक साधनहरूको उत्पादनकै आधारमा राजकीय संस्था, कानुनी संस्था, कला र धर्मसम्बन्धी धारणाहरू पनि विकसित भएका थिए । यसको अर्थ कुनै युगमा अथवा कुनै जातिले हासिल गरेको आर्थिक विकासको मात्राले राजकीय संस्था, धर्म, कला, राजनीति आदि अवधारणा बन्थ्यो । मार्क्सले गतिको त्यस विशेष नियमको खोजी गर्नुभयो, जसले उत्पादनको वर्तमान पुँजीवादी प्रणाली र यस प्रणालीले उत्पन्न गराएका बुर्जुवा समाज दुवै नै नियन्त्रित छन् । अतिरिक्त मूल्यको आविष्कारले एकपटक त्यो उत्पादनको त्यस समस्याबारे प्रकाश पाऱ्यो । सो विषयको जटिलता हल गर्ने कोसिसमा यसअघिका अन्वेषणहरू खेर गएका थिए । पुँजीवादी अर्थशास्त्रीहरूले गरेका प्रयास हुन् या समाजवादी समीक्षकहरूले, ती सबै अन्धअन्वेषण साबित भएका थिए ।

दुईवटा आविष्कार मात्रै पनि एउटा जीवन सार्थक हुन्छ । त्यो मानिस भाग्यशाली हो, जसलाई यस प्रकारको आविष्कार गर्ने सौभाग्य प्राप्त हुन्छ । तर जुनजुन क्षेत्रमा मार्क्सले खोजी गर्नुभयो, ती खोजीमध्ये कुनै पनि क्षेत्रको खोजी सतही थिएन । मार्क्सले गणितमा समेत स्वतन्त्र रूपमा अध्ययन गर्नुभयो । त्यस्ता वैज्ञानिक थिए मार्क्स । तर, उहाँको वैज्ञानिक रूप उहाँको जीवनको आधा अंश पनि थिएन । मार्क्सको लागि विज्ञान ऐतिहासिक रूपले एक गतिशील र क्रान्तिकारी शक्ति थियो ।

वैज्ञानिक सिद्धान्तहरूमा, कुनै नयाँ खोजको व्यवहारिक प्रयोगबारे अनुमान लगाउन तत्कालै सम्भवै नभए पनि उहाँ नयाँ खोजीहरूमा आनन्द मान्नुहुन्थ्यो । तर, त्यस्ता खोजहरूमा मार्क्स साच्चै खुसी हुने गर्नुहुन्थ्यो, जसको आविष्कारका कारण समाजमै तत्कालै प्रभावहरू देखिन्थे खासगरी ऐतिहासिक विकासका कुरामा । त्यस्तो अवस्थामा भने उहाँलाई बिल्कुलै फरक खालको प्रसन्नताको अनुभव हुन्थ्यो । उदाहरणको लागि बिजुलीका क्षेत्रमा भएका आविष्कारको विकास क्रम र खासगरी त्यतिखेरसम्म मर्सेल देप्रेले गरेको आविष्कारबारे मार्क्सले निकै गहिरोसँग अध्ययन गर्नुभएको थियो ।

मार्क्स क्रान्तिकारी हुनुहुन्थ्यो । जीवनमा उहाँको खास उद्देश्य कुनै न कुनै किसिमले पुँजीवादी समाज र त्यसबाट पैदा हुने राजकीय संस्थाको ध्वंस गर्नमै थियो । आधुनिक सर्वहारावर्गलाई स्वतन्त्र गर्नमा उहाँको योगदान थियो । सर्वहाराहरूलाई सबैभन्दा पहिले मार्क्सले नै आफ्नो स्थिति र आवश्यकताप्रति सचेत गर्दै बताउनुभएको थियो कि, किन र कुन अवस्थामा उनीहरूको मुक्ति हुनसक्छ ? सङ्घर्ष गर्नु मार्क्सको स्वाभाविक गुण थियो । उहाँले त्यस्तो जोस, लगन र यस्तो सफलताका साथ सङ्घर्ष गर्नुभयो, जसको कुनै प्रतिद्वन्द्वी नै छैन ।

सबैभन्दा पहिले उहाँले सन् १८४२ मा पेरिसको राइनिस जाइटुङ, १८४४ मा पेरिसको वोरवार्टस, १८४७ मा डायचे ब्रसेलर जाइटुङ, १८४८-१८५१ मा न्यु राइनिस जाइटुङ र १८५२-१८६१ मा न्युवर्क डेली ट्र्ब्युनमा गर्नुभएको काम र तीसँगै अनेकौं जोशिला पुस्तकको रचना तथा पेरिस, ब्रेसेल्स र लण्डनका सङ्गठनहरूमा उहाँको काम लोभलाग्दो थियो । अन्ततः उहाँको चरम उपलब्धिको रूपमा 'महान् अन्तर्राष्ट्रिय मजदुर सङ्घ' को स्थापना हुनपुग्यो । यो आफैँमा यति ठूलो उपलब्धि थियो कि यस सङ्गठनका संस्थापकले अरु केही पनि कामै नगरेको भए पनि यो विषयमा त्यति धेरै गर्व गर्न सकिन्थ्यो । यो सबको फलस्वरूप मार्क्स आफ्नो युगका सबैभन्दा बढी विद्वेष र लाञ्छनाहरूका शिकार पनि हुनुभएको थियो ।

निरङ्कुशतावादी र जनतन्त्रवादी दुवैतर्फका सरकारहरूबाट उहाँलाई राज्य निकाला गरियो । रुढिवादी हुन् या घोरजनवादी बुर्जुवाहरू, ती सबैले मार्क्सलाई बदनाम गर्नमा एक अर्कासित प्रतिस्पर्धा गर्दथे । तर, मार्क्स यी सबैलाई बेवास्ता गर्दै आफू आफ्नै कार्य गरिरहनुहुन्थ्यो । अति आवश्यकता परेको अवस्थामा मात्रै उहाँ तिनीहरूको उत्तर दिनुहुन्थ्यो ।

ती महान् पुरुष अब यस संसारमा रहनुभएन । साइबेरियाका खानीदेखि लिएर क्यालिफोर्नियासम्म, युरोप र अमेरिकाका सबै क्षेत्रमा उहाँका लाखौं क्रान्तिकारी मजदुर साथीहरू जो मार्क्सलाई माया गर्थे, उहाँप्रति श्रद्धा राख्थे, आज उहाँको निधनमा आँसु बगाइरहेका छन् । म यतिसम्म भन्न सक्छु कि उहाँका धेरै विरोधीहरू भए पनि व्यक्तिगत शत्रु विरलै थियो होला ।

उहाँको नाम युगौँयुगसम्म अमर रहनेछ, त्यसरी नै उहाँको काम पनि अमर रहनेछ ।

*(एङ्गेल्सले हाइगेट समाधिस्थल, लण्डनमा १७ मार्च १८८३ मा अङ्ग्रेजीमा गरेको भाषण ।)*



इरानको राजधानी तेहरानमा क्वाड दिवस अर्थात् प्यालेस्टिन दिवसको अवसरमा प्यालेस्टिन र प्यालेस्टिनी जनताप्रति ऐक्यबद्धता जनाउँदै भएको प्रदर्शनमा सहभागी लाखौँ इरानी जनता मार्च १३, २०२६ का दिन । *तस्बिर : प्रेस टिभी*

# मध्यपूर्व युद्ध : आक्रमण र प्रतिआक्रमण तीव्र

पेरिस, १३ मार्च (एएफपी) । इजरायल, इरान र उनीहरूका क्षेत्रीय सहयोगीहरूबिचको युद्ध थप फैलिँदै जाँदा मध्यपूर्वका विभिन्न स्थानमा आक्रमण र प्रतिआक्रमण तीव्र भएका छन् । पछिल्ला घटनाक्रममा इरानमा व्यापक हवाई प्रहार, खाडी क्षेत्रका सहरहरूमा विस्फोट, इराक र लेबनानमा झडप तथा विभिन्न देशमा ड्रोन अवरोधका घटनाहरू सार्वजनिक भएका छन् ।

यसैबिच उत्तरी ओमानको एक औद्योगिक क्षेत्र नजिक सुरक्षा बलले ड्रोन रोक्ने क्रममा भएको घटनामा दुई जनाको मृत्यु भएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् ।

इरानको राजधानी तेहरानमा पनि ठुलो विस्फोट भएको खबर आएको छ । असामान्य रूपमा शक्तिशाली उक्त विस्फोटका कारण राजधानीको उत्तर र केन्द्रका धेरै किलोमिटर टाढासम्म रहेका घरहरू हल्लिएको एएफपीका पत्रकारहरूले बताएका छन् ।

इजरायली सेनाले भने पछिल्लो २४ घण्टामा पश्चिमी र मध्य इरानमा रहेका २०० भन्दा बढी लक्ष्यमा आक्रमण गरेको जनाएको छ । ती लक्ष्यहरूमा मिसाइल प्रक्षेपण प्रणाली, हवाई रक्षा संयन्त्र तथा अन्य सैन्य संरचनाहरू समावेश रहेको बताइएको छ ।

यसै क्रममा साउदी अरेबियाले आफ्नो हवाई क्षेत्रमा प्रवेश गरेका धेरै ड्रोनहरू अवरोध गरेर खसालेको जनाएको छ । रक्षा मन्त्रालयका अनुसार रियादको कूटनीतिक क्षेत्रमा रहेका विदेशी दूतावासहरू लक्षित गरेर आएको एउटा ड्रोन पनि रोकिएको थियो । मन्त्रालयका प्रवक्ताले सामाजिक सञ्जाल एक्समार्फत साउदी हवाई क्षेत्रमा प्रवेश गरेपछि १२ ड्रोन नष्ट गरिएको र कम्तीमा १६ अन्य ड्रोन पनि खसालिएको जानकारी दिएका छन् ।

लेबनानको राजधानी बेरुतमा पनि इजरायलले इरान समर्थित समूह हिजबुल्लाहसँग सम्बन्धित व्यक्तिलाई लक्षित गरी हवाई आक्रमण गरेको जनाएको छ । हिजबुल्लाहले आफ्ना आक्रमणहरू रोक्ने सङ्केत नदिएपछि इजरायलले लेबनानमा सैन्य कारबाही विस्तार गर्ने चेतावनी दिएको छ ।

खाडी क्षेत्रको प्रमुख वित्तीय केन्द्र दुबईमा पनि विस्फोटको घटना भएको छ । मध्य दुबईस्थित एउटा भवनमा अवरोध गरिएको आक्रमणका भग्नावशेष ठोक्किँदा विस्फोट भएको सरकारी मिडिया कार्यालयले जनाएको छ । एएफपीका संवाददाताहरूले सहरको केन्द्रमा ठुलो धुवाँको बादल देखिएको बताएका छन् ।

तेहरानका केही भागमा अमेरिका र इजरायलले संयुक्त आक्रमण गरेको इरानको फार्स समाचार एजेन्सीले जनाएको छ । ती विस्फोटका कारण राजधानीका विभिन्न स्थानका घरहरू हल्लिएको बताइएको छ ।

यता इराकको स्वायत्त कुर्दिस्तान क्षेत्रमा भएको आक्रमणमा एक फ्रान्सेली सैनिक मारिएका छन् । फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले यो युद्ध सुरु भएपछि फ्रान्सेली सेनाको पहिलो मृत्यु भएको बताउनुभएको छ । युद्ध सुरु भएदेखि इरान समर्थक गुटहरूले अन्तर्राष्ट्रिय जिहादी विरोधी गठबन्धनसँग सम्बन्धित विदेशी बलहरू रहेको क्षेत्रमा बारम्बार आक्रमण गर्दै आएका छन् ।

इजरायलतर्फ पनि नयाँ क्षेप्यास्त्र प्रहार भएको छ । इजरायली सेनाका अनुसार इरानले देशतर्फ नयाँ मिसाइल प्रहार गरेको छ, जसका कारण उत्तरी इजरायलमा दुई जना घाइते भएका छन् ।

यसैबिच पश्चिमी इराकमा अमेरिकी केसी-१३५ हवाई इन्धन भर्ने विमान दुर्घटनाग्रस्त भएको अमेरिकी सेनाले जनाएको छ । सो घटनामा संलग्न अर्को विमान भने सुरक्षित अवतरण गर्न सफल भएको बताइएको छ । तर, उक्त विमानलाई इराकका इरान समर्थक सिचा विद्रोही सेनाले खसालेको दाबी गरेको छ ।

इरानका नयाँ सर्वोच्च नेता मोज्तबा खामेनीले पनि इरानी हताहतको बदला लिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उहाँका बुबा आयातोल्लाह अली खामेनी र परिवारका अन्य सदस्यहरू फेब्रुअरी २८ मा भएको प्रारम्भिक आक्रमणमा मारिएका थिए । राज्य टेलिभिजनमार्फत सार्वजनिक गरिएको वक्तव्यमा उहाँले इरानले यस युद्धमा भएका क्षतिको बदला लिने बताउनुभयो । केही इरानी अधिकारीका अनुसार उक्त आक्रमणमा मोजताबा खामेनी स्वयं पनि घाइते हुनुभएको थियो तर उहाँको अवस्थाबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन ।

इजरायली सेनाले तेहरानमा इरानको रिभोलुसनरी गार्ड्सँग सम्बन्धित बासिज अर्धसैनिक बलले स्थापना गरेका चौकीहरूमा पनि आक्रमण गरेको जनाएको छ । अधिकारीहरूको नियन्त्रण कमजोर पार्ने रणनीतिअन्तर्गत ती लक्ष्यहरूमा प्रहार गरिएको बताइएको छ ।

यसै क्रममा इराक-सिरिया सीमाक्षेत्र नजिक तथा राजधानी बगदाद आसपास भएको हवाई आक्रमणमा कम्तीमा ११ इरान समर्थित लडाकू मारिएको सुरक्षा अधिकारीहरूले बताएका छन् । इराकी अधिकारीहरूले हसद अल-शाबीसम्बद्ध आधारहरूमा गरिएको उक्त आक्रमणको निन्दा गरेका छन् । उक्त समूह पूर्व अर्धसैनिक संरचना भए पनि हाल इराकको नियमित सुरक्षाबलमा समाहित भइसकेको छ, जसमा इरान समर्थित सशस्त्र गुटहरू पनि समावेश छन् ।



बहराइनको राजधानी मनामाको जुफैर जिल्लामा अवस्थित संरा अमेरिकाको पाँचौं जलवेडाको मुख्यालयमा इरानी मिसाइल हमलापछिको दृश्य । १२ मार्च, २०२६ बिहीबार ।

# अमेरिकासँग वार्ताका लागि चिनियाँ उपप्रधानमन्त्री फ्रान्स जाँदै

पेइचिङ, १३ मार्च (एएफपी) । चीन र अमेरिकाबिच आर्थिक तथा व्यापारिक मुद्दामा उच्चस्तरीय संवाद अघि बढाउने प्रयासस्वरूप चीनका उपप्रधानमन्त्री हे लिफेङ शनिबार फ्रान्सतर्फ प्रस्थान गर्ने हुनुभएको छ । पेरिसमा हुने यस वार्तालाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी चिनफिङबिच हुने सम्भावित शिखर भेटवार्ताअघि महत्त्वपूर्ण तयारीका रूपमा हेरिएको छ ।

पेइचिङका अनुसार हे लिफेङले मार्च १४ देखि १७ सम्म फ्रान्समा अमेरिकी प्रतिनिधिमण्डलसँग आर्थिक तथा व्यापारिक परामर्शका लागि चिनियाँ टोलीको नेतृत्व गर्नुहुनेछ । चीनको वाणिज्य मन्त्रालयका एक प्रवक्ताले शुक्रबार जारी गरेको अनलाइन विज्ञप्तिमा चीन र अमेरिकाबिच भएको सहमतिअनुसार उक्त वार्ता आयोजना हुन लागेको उल्लेख गरिएको छ ।

प्रवक्ताका अनुसार वार्तामा दुवै देशका अधिकारीहरूले आपसी चासोका आर्थिक र व्यापारिक विषयमा छलफल गर्नेछन् । तर, बैठकको विस्तृत कार्यसूची वा वार्ताको ठोस विषयवस्तुबारे थप विवरण सार्वजनिक गरिएको छैन ।

यसअघि वासिङ्टनले पनि पेरिसमा हुने उक्त वार्ताको पुष्टि गरेको थियो । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व गर्ने तयारी गर्नुभएको छ भने अमेरिकी व्यापार प्रतिनिधि जेमिसन ग्रियर पनि टोलीमा सहभागी रहने बताइएको छ । ग्रियरले बिहीबार जारी गरेको वक्तव्यमा चीन र अमेरिकाबिचको 'आर्थिक संवाद' अघि बढिरहेको बताउनुभएको थियो ।

पेरिसमा हुने यो भेटवार्तालाई यस महिनाको अन्त्यतिर अमेरिकी राष्ट्रपति ट्रम्पको सम्भावित चीन भ्रमणको पूर्वतयारीका रूपमा पनि हेरिएको छ । वासिङ्टनका अनुसार ट्रम्पले मार्च ३१ देखि अप्रिल २ सम्म चीन भ्रमण गर्ने अपेक्षा गरिएको छ, यद्यपि पेइचिङले आफ्नो नियमित कूटनीतिक अभ्यासअनुसार ती मितिहरू औपचारिक रूपमा पुष्टि गरेको छैन ।

सन् २०२५ को जनवरीमा ट्रम्पले दोस्रो कार्यकाल सुरु गरेपछि चीन र अमेरिकाबिचको सम्बन्धमा पुनः तनाव बढ्दै गएको छ । व्यापार, औद्योगिक क्षमता र बजार पहुँचका विषयमा दुवै देशबिच मतभेद देखिँदै आएका छन् ।

यसै सन्दर्भमा अमेरिकी व्यापार प्रतिनिधि ग्रियरले बुधबार चीनसहित प्रमुख व्यापार साझेदारहरूलाई लक्षित गर्दै अतिरिक्त औद्योगिक क्षमतासम्बन्धी नयाँ व्यापार अनुसन्धान सुरु गर्ने घोषणा गर्नुभएको थियो ।

चीनको वाणिज्य मन्त्रालयले भने अमेरिकी कदमको कडा आलोचना गरेको छ । मन्त्रालयले यसलाई 'एकपक्षीयताको स्पष्ट उदाहरण' भन्दै यस्तो अभ्यासले अन्तर्राष्ट्रिय आर्थिक तथा व्यापार व्यवस्थालाई गम्भीर रूपमा कमजोर पार्ने जनाएको छ ।

शुक्रबार जारी अर्को विज्ञप्तिमा चीनले अमेरिकालाई आफ्ना 'गलत अभ्यासहरू सुधार गर्न' आग्रह गरेको छ । यस्तो तनावका बिच पेरिसमा हुने आगामी वार्ताले दुई ठुला अर्थतन्त्रबिचको आर्थिक सम्बन्धलाई कता मोड्ने भन्नेबारे कूटनीतिक चासो बढाएको छ ।

# इरानले हर्मुज स्ट्रेट बन्द गरेपछि तेल मूल्य उच्च, शेयर बजार घट्दै




तेहरान, १३ मार्च (एएफपी) । तेलको मूल्य उच्च रहँदा विश्वभरका शेयर बजारहरूमा गिरावट आएको छ । इरानका नेता आयतोल्लाह मोज्तबा खामेनीले हर्मुज स्ट्रेट बन्द गर्ने र अमेरिका तथा इजरायलसँगको युद्धमा नयाँ मोर्चा खोल्ने आह्वान गरेपछि बजारमा अस्थिरता बढेको हो । हर्मुज स्ट्रेट विश्वको ऊर्जा आपूर्तिको एक महत्त्वपूर्ण मार्ग हो, जहाँ विश्वको लगभग एक पाँचौं तेल र ग्याँस ढुवानी हुन्छ । खामेनीले सार्वजनिक रूपमा भन्नुभयो, "स्ट्रेटको अवरोध 'अवश्य प्रयोग गर्नुपर्ने' छ र यदि युद्ध जारी रह्यो भने अन्य संवेदनशील मोर्चा पनि खोलिनेछ ।"

इरानले यस हप्ता खाडी क्षेत्रमा विभिन्न ऊर्जा संरचनामा प्रत्याक्रमण गरेको छ । इराक नजिक जहाजहरूमा प्रहार भएको छ, बहराइनमा इन्धन ट्याङ्करमा हमला भएको छ र साउदी अरबमा तेल क्षेत्रहरूमा ड्रोन आक्रमण गरिएको छ । इरानले यदि यसको ऊर्जा पूर्वाधार वा बन्दरगाहहरूमा हमला भयो भने 'क्षेत्रको तेल र ग्याँस जलाइने चेतावनी दिएको छ ।'

तेल बजारमा उच्च मूल्य कायम रहँदा अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले यो सङ्कटलाई 'विश्व इतिहासकै सबैभन्दा ठुलो आपूर्ति अवरोध' भनेको छ । ब्रेन्ट क्रूडको मूल्यमा उल्लेखनीय वृद्धि देखिएको छ, र यसले वैश्विक ऊर्जा बजारमा अनिश्चितता थपेको छ । तेल मूल्य बढ्दा विश्व अर्थतन्त्रमा मुद्रास्फीतिको खतरा र आर्थिक दबाब बढ्ने जोखिम पनि बढेको छ ।

वैश्विक शेयर बजारमा गिरावट आएको छ । टोकियो, हङकङ, शाङ्घाई, सिङ्गापुर, सिओल, मुम्बई, बैङ्कक, वेलिङ्गटन, मनीला र जकार्ताका बजारहरू सबै घटेका छन् । बजार विशेषज्ञहरूले हर्मुज स्ट्रेट बन्द रहँदा शेयर बजारमा दबाब रहिरहनेछ र ऊर्जा मूल्य उच्च रहिरहने चेतावनी दिएका छन् ।

***क्युवाली...***

विश्वमा समाजवादको अवधारणाका लागि पनि हो । यो अहिले साम्राज्यवाद विरुद्धको लडाइँको अग्रमोर्चा बनेको छ ।

**यो लेख ग्लोबट्रोटर ( Globetrotter) द्वारा तयार पारिएको हो ।**

*(विजय प्रशाद एक भारतीय इतिहासकार, सम्पादक तथा पत्रकार हुन् । उनी ग्लोबट्रटर (Globetrotter) मा लेखन फेलो तथा प्रमुख संवाददाता हुन् । उनी लेफ्टवर्ड बुक्स (Left Word Books) का सम्पादक तथा ट्राइकोन्टिनेन्टल: सामाजिक अनुसन्धान संस्थान (Tricontinental: Institute for Social Research) का निर्देशक पनि हुन् । उनले द डार्कर नेशन्स र द पुअरर नेशन्ससहित २० भन्दा बढी पुस्तक लेखेका छन् । उनका पछिल्ला कृतिहरूमा अन क्युबा: ७० वर्षको क्रान्ति र सङ्घर्षमाथि चिन्तन (नोम चोम्स्कीसँग संयुक्त रूपमा), स्ट्रगल मेक्स अस ह्युमन: समाजवादका आन्दोलनहरूबाट सिकाइ, तथा (फेरि नोम चोम्स्कीसँगै) द विथड्रअल: इराक, लिबिया, अफगानिस्तान र अमेरिकी शक्तिको नाजुकता समावेश छन् । चेल्वा र प्रशादको संयुक्त पुस्तक हाउ द इन्टरनेशनल मोनेटरी फन्ड इज सफोकेटिङ अफ्रिका यसै वर्ष इन्कानी बुक्स (Inkani Books) बाट प्रकाशन हुने छ ।)*

# पठन संस्कृति : पुस्तकप्रतिको दृष्टि र पाठकको पहिचान

✍ इकुश्रे

अक्षरहरूको संसार साँच्चै अनौठो हुन्छ । कसैका लागि ती केवल काला धब्बाहरू हुन्, तर कसैका लागि जीवन बदल्ने उज्यालोका स्रोत । ज्ञानको अथाह भण्डार मानिने पुस्तक र त्यसलाई ग्रहण गर्ने मानिसबिचको सम्बन्धले नै समाजको बौद्धिक धरातल निर्धारण गर्छ । तर विडम्बना के छ भने, पुस्तक हातमा लिने सबै व्यक्ति 'पाठक' हुँदैनन् । साँचो पाठक र केवल देखावटी रूपमा पुस्तक समात्ने व्यक्तिबिचको भिन्नता उनीहरूको व्यवहार, चिन्तन र पुस्तकप्रतिको दृष्टिकोणबाट प्रस्टै छुट्टिन्छ । पठन केवल आँखाले अक्षरहरू स्क्यान गर्ने प्रक्रिया होइन; यो त लेखकको मस्तिष्कसँग पाठकको हृदयले गर्ने मौन संवाद हो ।

सच्चा पाठकको पहिचान उसको अध्ययनको गहिराइ र पुस्तकप्रतिको संवेदनशीलताबाट झल्किन्छ । पढ्ने मानिस किताब भनेपछि मरिमेट्छ । नयाँ किताब आएको खबर सुन्नासाथ ऊ टाढाटाढासम्म पुगेर भए पनि किन्न खोज्छ । पुस्तक पसल उसका लागि कुनै साधारण व्यापारिक स्थल होइन, त्यो त ज्ञानको मन्दिरजस्तै पवित्र स्थान हो । आफ्नो कोठा किताबैले सजाउन उसलाई गर्व लाग्छ, किनकि ती किताबहरू उसका लागि सजावट मात्र होइनन्–विचारका साथी, अनुभूतिको दस्तावेज र आत्मसंवादका माध्यम हुन् । यस्तो पाठक पुस्तक किन्दा केवल कागज किनिरहेको हुँदैन; ऊ भविष्यका सम्भावनाहरू र आफ्नै चेतनाको विस्तार किनिरहेको हुन्छ ।

जब एउटा जिज्ञासु पाठकले पुस्तक पढ्न सुरु गर्छ, ऊ त्यसभित्रका पात्र, परिवेश र विचारहरूसँग एकाकार हुन्छ । महत्त्वपूर्ण हरफहरूमा रेखाङ्कन गर्छ, छेउमा स-साना टिप्पणी लेख्छ, फेरि फर्केर पढ्छ, तुलना गर्छ, प्रश्न उठाउँछ र उत्तर खोज्छ । उसका लागि पढाइ एकपटकको क्रिया होइन; त्यो पुनःपुनः दोहोरिने बौद्धिक यात्रा हो । उसले पुस्तकबाट प्राप्त घतलाग्दा कुरा, नयाँ तथ्य र जीवनदर्शनलाई आफ्ना साथीभाइ र समाजमा उत्साहपूर्वक बाँड्छ । पुस्तक उसका लागि निर्जीव वस्तु होइन; जीवित गुरु वा अभिन्न मित्र हो । त्यसैले ऊ पुस्तकका पानाहरू खुम्च्याउँदैन, जथाभावी कोर्दैन र सधैँ नयाँजस्तै जतन गरेर राख्छ । पुस्तकको सुगन्ध, कभरको स्पर्श र अक्षरहरूको अनुशासनप्रति उसमा गहिरो आत्मीयता हुन्छ ।

यसको ठीक विपरीत, 'नपढ्ने' वा पठनको मर्म नबुझेका व्यक्तिहरूको व्यवहार सतही र विरक्तलाग्दो हुन्छ । उनीहरू कुनै नयाँ किताब भेटे भने सुरुदेखि अन्तिमसम्मका पाना पल्टाएर एकैछिनमा पढिसक्छन् । कतिलाई रामायण कसले लेख्यो, महाभारत भनेको के हो, गीता किन पढ्नुपर्छ भन्ने कुरा थाहा छैन । कसैको घरमा दराजमा किताब मिलाएर राखेको देखे भने उनीहरूलाई अनौठो लाग्छ । "यत्रा किताब किन ?", "कहिले कहिले किनेको ?", "यदि सबै किनेकै हुन् त ?" उनीहरू अनेक प्रश्न गर्दै आश्चर्य प्रकट गर्छन् । उनीहरूका विचारमा पुस्तक दराजको शोभा बढाउने सजावटको वस्तु वा समय काट्ने साधन मात्र हो । गम्भीर विमर्शभन्दा पनि हलुका मनोरञ्जन, सनसनीपूर्ण समाचार वा क्षणिक आकर्षणतर्फ उनीहरूको ध्यान बढी जान्छ । धैर्यको अभावले गर्दा पुस्तकका गहिरा अंशहरूमा मनन गर्नको साटो केवल पाना पल्टाएर 'सिध्याउने' हतारो देखिन्छ । पुस्तकको कुनो दोबार्नु, कभर च्यात्नु वा जथाभावी फालिदिनु- उनीहरूका लागि सामान्य कुरा हुन् ।

अर्काको पुस्तक मागेर पढ्ने प्रसङ्गमा त यी दुई वर्गबिचको अन्तर झन् स्पष्ट देखिन्छ । सुसंस्कृत पाठकले कसैको पुस्तक माग्दा त्यसलाई आफ्नो सम्पत्तिभन्दा बढी जतन गर्छ । उसले सुरक्षित राख्छ, सफा राख्छ र काम सकिएपछि सम्मानका साथ फिर्ता गर्छ । यो व्यवहार शिष्टाचार मात्र होइन; पठन संस्कृतिप्रतिको इमानदारी र नैतिकताको द्योतक पनि हो । तर, पठनको महत्त्व नबुझ्ने व्यक्तिले पुस्तक मागेर लगेपछि फिर्ता गर्ने जिम्मेवारी नै बिर्सिन्छ । कतै हराउँछ, अलपत्र छाड्छ वा वर्षौंसम्म थन्क्याएर राख्छ । यसले वास्तविक पाठक र पुस्तकबिचको सम्बन्ध टुटाउँछ र समाजमा पुस्तक आदानप्रदान गर्ने सुन्दर परम्परालाई कमजोर बनाउँछ ।

वास्तवमा, पढ्नु भनेको सूचनाको थुप्रो जम्मा गर्नु मात्र होइन; यो संस्कार निर्माण र चेतनाको विस्तारको प्रक्रिया हो । असल पाठकले पुस्तकभित्रका विचारलाई आफ्नो जीवनको ऐना बनाउँछ । उसले पढेको कुरा व्यवहारमा उतार्न खोज्छ, आफ्ना कमजोरीहरू चिन्न सिक्छ र परिवर्तनतर्फ अग्रसर हुन्छ । पुस्तकप्रतिको स्नेहले मानिसलाई विनम्र, जिज्ञासु र संवेदनशील बनाउँछ । पुस्तकसँगको निकटताले नै आत्मालोचनाको बानी बसाल्छ । यदि हामी पुस्तकलाई साथी ठान्दैनौँ, त्यसको जतन गर्दैनौँ र सारतत्त्वलाई आत्मसात् गर्दैनौँ भने जतिसुकै डिग्रीधारी भए पनि 'नपढ्ने' समुदायमै गनिन्छौँ ।

अन्ततः, पठन संस्कृतिलाई जीवित राख्न पुस्तकप्रतिको हाम्रो दृष्टिकोण बदल्न आवश्यक छ । पुस्तकहरू केवल कागजका पानाहरू होइनन् ; ती मानव सभ्यताका अनुभव, सङ्घर्ष र उपलब्धिका सञ्चित कोष हुन् । जसले पुस्तकलाई प्रेम गर्छ, उसले नै संसारलाई बुझ्ने साँचो दृष्टि प्राप्त गर्छ । पढ्ने मानिस किताब भनेपछि मरिमेट्छ, किनकि उसलाई थाहा हुन्छ–अक्षरभित्र भविष्य लुकेको छ । त्यसैले असल पाठक बन्न शब्दहरूको सम्मान गर्न, पुस्तकलाई जीवनको अभिन्न हिस्सा बनाउन र ज्ञानप्रतिको श्रद्धालाई व्यवहारमा उतार्न सिक्नुपर्छ । जुन समाजमा पुस्तक र पाठकबिच यस्तो आत्मीय सम्बन्ध रहन्छ, त्यहाँ विचारको दियो सधैँ प्रज्वलित रहन्छ र चेतनाको उज्यालो कहिल्यै निभ्दैन ।

# निर्वाचनबारे संवाद

✍ आयसाश्री, काठमाडौँ

*(खड्काजी र थापाजी फरक जिल्लाका भए पनि दुवै काठमाडौँको एउटै कलेजमा पढ्छन् । कलेजको चिया पसलमा दुई जनाबिच फागुन २१ गतेको चुनावबारे छलफल हुन्छ ।)*

**खड्काजी :** चुनावमा नयाँ र पुराना पार्टीबारे पनि चर्चा चल्यो । यसलाई कसरी बुझ्नु पर्ला ?

**थापाजी :** नेपालको संविधानअनुसार सरकारमा प्रम, उपप्रम र मत्री भएका पार्टी, तिनका नेता र उम्मेदवारहरू सबै पुराना हुन् । अनुहारको अर्थ छैन ।

**खड्काजी :** नयाँ पार्टी र नयाँ पुस्ताका नेता र उम्मेदवार दाबी गरिएको के हो त ?

**थापाजी :** पुरानो पुँजीवादी विचारको पक्ष लिनेहरू नयाँ होइनन् । यसमा उमेरको ल्याकत राखिँदैन, नयाँ विचार समाजवादका पक्षधरहरू जुनसुकै उमेरका भए पनि नयाँ हुन् ।

**खड्काजी :** यसलाई अझ स्पष्ट पार्नु पर्ला कि ?

**थापाजी :** मानव समाज जङ्गली युग, दास युग, भूदास युग र सामन्ती युगलाई पार गर्दै अहिले अधिकांश देशमा पुँजीवादी युग छ । यतिबेला थोरै देशमात्र समाजवादतर्फ अघि बढ्दै छ ।

**खड्काजी :** के नेपालमा समाजवाद आउला ?

**थापाजी :** मानव समाजको विकासको सिलसिलाअनुसार एउटा युग पार गर्न पनि शताब्दी लाग्छ । अहिले पुँजीवादले आफ्नो आयु लम्ब्याउने थप कोसिस गर्दै छ । समाजवादबारे नेपाली जनता सचेत हुँदै छन् ।

**खड्काजी :** के पुँजीवादको आयु अझै लम्बिन्छ ?

**थापाजी :** नेपालका नयाँ र पुरानो पुस्ताले पुँजीवादी व्यवस्था, तिनका दल र उम्मेदवारहरूलाई समर्थन गरेसम्म पुँजीवादको आयु लम्बिने छ । पुँजीवादले व्यापक जनताको समस्या समाधान नगर्ने हुँदा अन्ततः पुँजीवादको अन्त्य र समाजवादको स्थापना हुनेछ ।

*२०८२ फागुन २९ गते*

## कविता

# तिम्रो ऐनाको त्यो झूटो प्रतिबिम्ब

✍ सृजना प्रजापति

हरेक बिहान उठेदेखि सयौँ पल्ट हेर्ने
तिम्रो त्यो ऐनाको प्रतिबिम्ब झूटो हो ।
तिमीले त कहिल्यै सोचेका पनि थिएनौ
कि ऐनाले कसरी झूटो प्रतिबिम्ब देखाउँछ ।
त्यसैले कहिल्यै प्रश्न पनि गरेनौ त्यो ऐनालाई ।
जीवनभरि त्यहीँ ऐनाले जे जे देखाउन खोज्यो
बस् त्यहीँ सही मान्दै स्वीकारिरह्यौ ।
कहिलेकाहीँ साथीहरूले बुझाउँदा, बुझे जस्तो गर्यौ ।
तर, भोलि बिहान उठेर आफ्नो ऐना हेर्दा,
फेरि उहीँ प्रतिबिम्ब देखिहाल्थ्यौ ।
हिजो लौरोले बेथिति हटाउँछ भनी
तिम्रो ऐनाले देखायो ।
आज घण्टाको सुमधुर स्वर सुनायो,
तर, भोलि पनि तिम्रो ऐनाको प्रतिबिम्बमा
तिमीले त्यहीँ निराशा भेट्टाउनेछौ ।
अनि, सायद बुझ्ने प्रयास गर्नेछौ ।
कहीँ यो ऐनाले पो झूटो प्रतिबिम्ब देखाएको हो कि ?
'मैले सिमानामा दुल्न जाँदा किनेको त्यो ऐना
सयौँ वर्ष पहिले बेलायतले छोडेको
यो कलात्मक अनि सुन्दर ऐनाले
मलाई वर्षौं ढाँटेको रहेछ ।'

# निष्ठाको मार्ग

✍ सत्य सुवाल

*संसारलाई केवल स्वार्थको धर्मशाला मान्ने यो समयमा,*
*नेमकिपाले 'समाजसेवा' को एउटा स्थायी पाठशाला बनायो ।*
*जहाँ पद र पैसाको घमण्ड चिहानमा खरानी हुनुअघि नै,*
*जनताको मुक्तिका लागि एउटा अटल विश्वास जगायो ।*
*भ्रष्टाचारको उद्योगले देशको जग खियाइरहेका बेला,*
*त्यहाँ एउटा दल छ, जो अध्ययन र श्रमको गीत गाउँछ ।*
*सत्ताको रक्सीले मात्तिएर राष्ट्रियता भुल्नेहरूका माझ,*
*उसले स्वाधीनताको मशाल बोकी, नयाँ बाटो देखाउँछ ।*
*लोभको रित्तो भाँडो भर्न दौडिनेहरूको भिडमा,*
*ऊ 'देशभक्ति' को एउटा भरिएको कलशजस्तै छ ।*
*चिन्ताको चित्तामा जनतालाई जलाउने राजनीति होइन,*
*बरु चेतनाको उज्यालो छर्ने, एउटा सचेत थलोजस्तै छ ।*
*राजनीतिलाई जब स्वार्थको रोग बनाइन्छ समाजमा,*
*नेमकिपाले त्यसको 'बौद्धिक उपचार' को कुरा गर्छ ।*
*नदीनाला र सिमानाको रक्षा मात्र होइन यहाँ,*
*मजदुर र किसानको अधिकारको, उसले वकालत गर्छ ।*

# प्रिय फूल

✍ एल. के. सुन्दर

मरुभूमि जस्तो
नाङ्गो बुर्बुराउँदो
रुखो जमिनलाई ।

वर्षौंको अथक मेहनती हातले
रगत पसिना चुहाई
कमलो उर्वरायुक्त बनाइयो ।

तिमी, जहाँ
आज ढक्कमक्क फुलेका छौ
हो त्यहीँ माटोमा ।

सौन्दर्य तिम्रै हो
सुवास तिम्रै हो
बास्ना तिम्रै हो ।

आज तिम्रो
मालिक सबथोक
तिमी आफै सर्वेसर्वा ।

यी,
यायावरहरूमा
विचरण गर्न पाउनु तिम्रो स्वतन्त्रता ।

तर,
तिमीले त
माली नै बदल्यौ ।

मन्दिरमा सजिने कि ?
लाशमा चढिने ?
समय अनि निर्णय
तिम्रै हातमा ।

यति मात्रै भन्न सकिन्छ ।
ती मेहनती हातको यादले
तिम्रो मुटु बिझ्नेछ ।

त्यतिबेला
धेरै ढीलो भइसक्नेछ ।
घामले डाँडो
काटिसक्ने छ ।
२०८२ फागुन २७

# किसान

✍ साहिँला

कहिले घाम कहिले छाया
कहिले वर्षा हावाहुरी
बेमौसमी बाढीहरूले
बिनाश गरे खेतबारी ।

पौरखी ती हातगोडाहरू
झन् दरो भई लागिपरे
बाढी पहिरो नियन्त्रण गर्न
अविचलित भई किसान ।

अनुकूल समय पर्खँदै
खेतबारी जोतिरहे
वर्षात्को झरीसँगै
बाली लाउन थाले ।

जताततै हरियो खेतबारी हेर
समयको वर्षात्सँगै
लहलह अनाज फस्ताएको हेर
दङ्ग छन् किसान मनमनै ।

ऊर्जाशक्तिको स्रोत थियो
खेतबारीलाई पसिनाको
माटोसँगै लडीबुडी खेली
हुर्किएका किसानहरूको ।

मानव समाजको प्राण हो भूमि
संरक्षक थियो किसान
आत्मनिर्भरताको बल थियो
किसानको हो यो शान ।

बेमौसमी भदौको हुरी
अतिवृष्टिको भेल सुनामी
अगाडि झुक्न जानेनन् ती
स्वाभिमानी किसानी ।

संयम छ ऊ विनाशबाट पनि
पुनः उत्थानमा लाग्दै छन्
निराशा र भय पन्छाउँदै जाने
किसानको विचार महान् ।

इमानका मुहान हुन्
सङ्घर्षका पर्याय हुन्
देशभक्ति परिश्रमी योद्धा हुन्
देशका ती किसान ।

# पीडित जनताको अमर गीत !

✍ न्हुछेरत्न वुद्धाचार्य

गाउँ जनताको गीत यो भोकमा डुबेको पथमा
जहाँ लाखौँ लाख पीडित मानव मरी मरी बाँचिरहेको बस्तीमा

ए वीर शोषितहरू ! ए वीर पीडितहरू !
हाम्रो अगाडि देखिएका अन्यायको विरोध गरौँ
असिना घाम पानी नभनी
माटोमा लडिबुडी काम गरिरहेकाहरूलाई
शोषण र दासताबाट मुक्त गराऔँ !

बिहानीको सूर्य भई कालो बादल हटाई उज्यालो पारौँ
प्रत्येक श्रमजीवीको प्रतिभा र श्रमको योगदान
आफ्नै पौरखले स्वाभिमानी भएर
युगान्तकारी परिवर्तनको लागि जीवन अर्पण गरौँ ।

दुःख कष्ट गरी श्रम गरिरहेकाहरूको
आफ्नो बाहुबलको मेहनतको फल
भक्षकहरूले अन्याय गरी चुसिराखेको
हाम्रो परिश्रम फिर्ता लिन कदम चालौँ ।

आज हामी मर्का, असन्तुष्टि अभावले तड्पिरहेका छौँ
दिन दिनै विकराल समस्याबाट सताइरहेका छन्
हाम्रो स्वाभिमान र स्वतन्त्रता जोगाइराख्न
हामी सबै एकताबद्ध भएर उठौँ ।

यो जनयुगमा राष्ट्र निर्माण गर्न नवजागरण ल्याऔँ
गरिब जनता नै देशको परिवर्तनकर्ता हुन्
प्रत्येक पीडित जनताको आशा भरोसा पूरा गर्न
हामी आफ्नो अधिकारको लागि सङ्घर्ष गरी अघि बढौँ ।

गाऊ जनताको गीत यो भोकमा डुबेको पथमा
जहाँ लाखौँ लाख पीडित मानव मरी मरी बाँचिरहेको बस्तीमा ।

# शिक्षाबिना समाजको विकास असम्भव



भक्तपुर, २९ फागुन । समाज सुधार माध्यमिक विद्यालयको ५५ औँ वार्षिकोत्सव, शिक्षक सम्मान, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले शिक्षाबिना समाजको विकास सम्भव नभएको उल्लेख गर्नुभयो । शिक्षासँगसँगै प्रविधिहरूलाई पनि उपयोग गर्न सके शिक्षा सार्थक हुने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

उहाँले सामुदायिक विद्यालयको शैक्षिक विकासको महत्त्वपूर्ण पाटोमा विद्यालयको भौतिक संरचना विद्यार्थीमैत्री छ वा छैन भन्ने कुरामा पनि ध्यान दिनसके भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने अग्रजहरूको परिकल्पना साकार हुने बताउनुभयो ।

समाज विकासको लागि शैक्षिक क्रान्तिकै आवश्यकता भएको औँल्याउँदै उहाँले 'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' भन्ने उद्घोष भक्तपुरको सभ्यता विकासको लागि हो भन्नुभयो ।

विद्यालय शिक्षामा नैतिक शिक्षाको आवश्यकताबारे चर्चा गर्दै उहाँले आदर्श समाजको विकासको लागि समाजवादी शिक्षाको आवश्यकता रहेको औँल्याउनुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले सामुदायिक विद्यालयप्रति अभिभावकहरूमा रहेको भ्रम अन्त्य गर्नुपर्ने उल्लेख गर्दै सामुदायिक विद्यालयको आवश्यकता र औचित्यमाथि प्रकाश पार्नुभयो । नेपालको संविधानमा मावि शिक्षासम्म निःशुल्क भन्ने उल्लेख भए पनि व्यवहारमा लागू नहुनाले अभिभावकहरूले गुणस्तरीय शिक्षाका लागि शुल्क तिरिरहन बाध्य भइरहेको विचार व्यक्त गर्नुभयो ।

उहाँले सामुदायिक विद्यालयको विकास गर्नुभन्दा मर्ज गर्ने सरकारी नीति गलत भएको उल्लेख गर्दै विद्यार्थीहरूले परीक्षामा उत्कृष्ट अङ्क ल्याई मेहनती विद्यार्थीको परिचय दिनसक्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिका वडा नं ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजूले जनतामा व्यक्तिगत विवरण दर्ता तथा सेवामा समयमा ध्यान पुऱ्याउन नसक्दा अनावश्यक जरिवाना तिर्न परिरहेको र भक्तपुरमा अग्रजहरूले सुरु गरेको सरसफाइ अभियानले निरन्तरता पाइरहेको तथा भक्तपुर नपाले शैक्षिक, सामाजिक, सम्पदा संरक्षणमा गर्दै आएको गतिविधिको जानकारी गराउनुभयो ।

सार्वजनिक मा.वि. संयुक्त परीक्षा समितिका अध्यक्ष रोशनराज तुईतुईले संयुक्त परीक्षा समितिले स्थापनाकालदेखि विद्यालयस्तरीय अतिरिक्त क्रियाकलापमार्फत विद्यार्थीहरूको शैक्षिक विकास तथा भक्तपुरको शैक्षिक अभियानमा योगदान गर्दै आएको जानकारी गराउनुभयो ।

विद्यालयका पूर्वप्रअ लक्ष्मीनारायण दुवालले समाज सुधार मा.वि.को स्थापना शिक्षासेवी बुद्धिकुमार गोसाईले गर्नुभएको योगदान खेर नगएको बताउनुभयो । उहाँले विद्यालयले देशभरका अभिभावकका छोराछोरीहरूलाई शिक्षा दिन सकेकोमा गर्व लागेको बताउनुभयो ।

विद्यालयका ईसीडी टिचर ट्रेनर दीपिका श्रेष्ठले पूर्व प्रावि, प्रावि तथा आधारभूत स्तरका विद्यार्थीहरूको शैक्षिक विकासमा एउटा विद्यालय परिवारको सदस्य हुन पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

विद्यालयका प्रधानाध्यापक जगन्नाथ प्रजापतिले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राम प्रजापतिको सभापतित्वमा भएको सो कार्यक्रममा शैक्षिक सत्रभरिमा उत्कृष्ट डायरी लेखन गर्ने शिक्षकहरू, २०८१ सालको एसईई परीक्षामा उत्तीर्ण विद्यार्थीहरूलाई सम्मानका साथै अनिवार्य अवकाश प्राप्त शिक्षक चञ्चला पोटे श्रेष्ठलाई खादा, दोसल्ला, फूलमाला तथा मायाको चिनोसहित प्रमुख अतिथि रजनी जोशीले सम्मान गर्दै विद्यालयबाट प्रकाशित स्मारिका विमोचन गर्नुभयो ।

साथै २०८१ सालको अन्तिम परीक्षामा कक्षागत रूपमा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थी र अतिरिक्त प्रतियोगिताहरूमा सफल विद्यार्थीहरूलाई पुरस्कार वितरण, गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको थियो ।

कार्यक्रमको दोस्रो चरणमा विद्यार्थीहरूको सांस्कृतिक कार्यक्रम देखाइएको थियो । विद्यालयको शैक्षिक विकास तथा छात्रवृत्ति कोष स्थापनाका लागि सहयोग गर्ने संस्था भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.लाई विद्यालयको तर्फबाट कदरपत्र प्रदान गरिएको सो कार्यक्रममा विद्यालयका विद्यार्थी सुदिना श्रेष्ठ र शिक्षक कृष्णप्रसाद सुवालले पनि बोल्नुभएको थियो ।

**देशभक्त...**

रचनात्मक गतिविधिमा जोड दिनुपर्ने बताउनुभयो ।

लिशा इङ्लिस सेकेन्डरी स्कूलका प्रिन्सिपल लिशा प्रजापतिले विद्यालयको गतिविधि र भावी योजनाबारे प्रकाश पार्दै विद्यार्थीको भविष्य जीवन सुनिश्चित गर्न मार्ग निर्देशन भइरहेको बताउनुभयो ।

विद्यार्थीहरूको शिक्षण सिकाइ प्रभावकारी बनाउन आवश्यक तालिम र सीपको विकाससँगै व्यक्तित्व विकास गर्न शैक्षिक, सामाजिक, सांस्कृतिक, खेलकुद आदि गतिविधिमा जोड दिइरहेको बताउनुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् कार्यक्रमका सभापति बलराम प्रजापतिले विद्यार्थीको भविष्य उज्ज्वल बनाउन लक्ष्यतर्फ अघि बढ्नुपर्ने विचार व्यक्त गर्दै विद्यालय विद्यार्थीलाई अनुशासित, देशभक्त नागरिक तयार गर्ने थलो हो भन्नुभयो ।

शिक्षिका कृष्णश्वरी दुवालले वार्षिकोत्सव कार्यक्रमको आवश्यकताबारे चर्चा गर्नुभयो भने कक्षा १० का विद्यार्थी आयुषा खोजु र कक्षा ८ का विद्यार्थी रंगना कोजुले पनि बोल्नुभएको थियो ।

कार्यक्रमका अतिथिहरूले विभिन्न प्रतियोगिता तथा क्रियाकलापमा उत्कृष्ट छात्रछात्राहरूलाई मायाको चिनो वितरण गरिएको सो समारोहमा विद्यार्थीहरूले स्वागत गीत प्रस्तुत गरेका थिए ।

समुद्घाटन कार्यक्रमपछि विद्यार्थीहरूको गीत, नृत्य तथा अन्य कला प्रदर्शनी गरिएको थियो ।

**आमूल...**

पुस्तालाई देशभक्त बनाउनु आवश्यक भएकोतर्फ सचिव सुवालले जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सृजना सैंजुले महिला आन्दोलन पनि वर्गसङ्घर्षकै एउटा पाटो भएको धारणा राख्दै सामाजिक बेथितिका बाबजुद पनि सङ्घर्ष जारी राख्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "राज्य व्यवस्था गलत भएसम्म जनताले दुःख पाउनुपर्ने हुन्छ । महिला आन्दोलन पुरुषविरोधी आन्दोलन नभई मजदुर आन्दोलनकै रुप हुनुपर्छ ।"

कार्यक्रममा विद्यालयका प्राचार्य बदनकेशरी प्रजापति, अनिता न्हुछे, सविना, पुष्पा अवाल, मीरा दुगुजु, अनिता देशेमरु र तारा न्यौपानेले विश्वका क्रान्तिकारी महिलाहरूको जीवनीबारे चर्चा गर्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म : २०४७।०५।१६
निधन : २०८२।११।२७

हाम्रा आत्मीय मित्र श्रीराम सुवालकी आत्मीय श्रीमती **दिना मूल सुवाल**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री गणेश सहयोग समूह**
सूर्यविनायक, भक्तपुर

## हार्दिक समवेदना



जन्म १९९८/०९/२२
निधन २०८२/११/२७

यस समूहका अति मिलनसार साथी केशव पक्काकी ममतामयी माता **कान्छीदेवी पक्का**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी ईश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**२ गते यातायात व्यवसायी समूहका साथीहरू**

वीरेन्द्र बासुकला | विनोदप्रसाद वन
कृष्णप्रसाद लाखे | कृष्णप्रसाद गाईजु
राजाराम बासुकला | सिद्धिराम पही
राजेन्द्र सुवाल | राजन कसलवट
अमन बाटी | कृष्णप्रसाद लाखाजु

## भावपूर्ण श्रद्धाञ्जली



जन्म २००१/०१/०२
स्वर्गारोहण २०८२/११/१८

हाम्रा आत्मीय मित्र श्री शुद्ध रत्न मानन्धरका ममतामयी माता **बसतमाया मानन्धर**को असामयिक स्वर्गारोहणप्रति दुःख व्यक्त गर्दै दिवंगतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**एकजुट युवा समूहका साथीहरू**

दिनेश शिल्पकार | आरेश शिल्पकार | उकेश तचामो
सन्देश कवाँ | राधेश्याम कासुला | सञ्जय शिल्पकार
विज्ञान तचामो | सुन्दर कवाँ | दिलकुमार मानन्धर
सञ्जय कासुला | नारायणसुन्दर शिल्पकार

## हार्दिक समवेदना



जन्म २००७/०६/११
निधन २०८२/११/२४

यस संस्थाका कोषाध्यक्ष श्यामसुन्दर लुबन्जारका पूजनीय पिता तथा यस संस्थाका सदस्य **बिकुलाल लुबन्जार**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सम्पद बचत तथा ऋण सहकारी संस्था लि.**
कमलविनायक-९, भक्तपुर

## हार्दिक समवेदना



जन्म २००७।०६।११
निधन २०८२।११।२४

नेपाल क्रान्तिकारी महिला सङ्घ कोलाछें-८ का सदस्य मोहनकेशरी लुबन्जारका पूजनीय पिता एवं पूर्व किसान सङ्घका सदस्य **बिकुलाल लुबन्जार**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नेपाल क्रान्तिकारी किसान सङ्घ**
**नेपाल क्रान्तिकारी महिला सङ्घ**
कोलाछें-८, भक्तपुर

## हार्दिक समवेदना



जन्म १९९८।०९।२२
निधन २०८२।११।२७

यस नमुना बचत समूहका अति मिलनसार साथी केशव पक्काकी ममतामयी आमा **कान्छीदेवी पक्का**को दुःखद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**नमुना बचत समूहका साथीहरू**

रामचन्द्र देशेमरू | रामकृष्ण पाँटी | न्हुछेनारायण त्वायना
तुल्सीनारायण त्वायना | कृष्णप्रसाद भुजु | राजन सुवाल
बलराम सुवाल | पृथ्वी सैंजु | रमेश वैद्य
कृष्णप्रसाद लाखे

## हार्दिक समवेदना



जन्म २००७।०६।११
निधन २०८२।११।२४

हाम्रा आत्मीय मित्र श्यामसुन्दर लुबन्जारका पूजनीय पिता **बिकुलाल लुबन्जार**को असामयिक निधन भएको आज सातौं दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**साथीहरू**

सत्यराम बोहजु | रमेश बोहजु | राजीव धिंग्री
सुनिल बोहजु | रमेश धौबन्जार | कृष्णसुन्दर लुबन्जार
बद्रिराम बोहजु | श्यामकृष्ण गाईजु | विनोद गाईजु
किरण लाखेमरु


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा